# नेपाल अधिराज्यको संविधान

श्री ५ को सरकार
[illegible] तथा न्याय मन्त्रालय
२०१२

श्री ५ को सरकार
कानून तथा संसदीय प्रबन्ध मन्त्रालय द्वारा प्रकाशित
२०१५

# नेपाल अधिराज्यका संविधान

# विषय- सूची

## भाग १

## प्रारम्भिक

धाराहरू पृष्ठ संख्या

१ संविधान— मूल कानून २

## भाग २

## तोकिएका दिन

२ तोकिएको दिन २

## भाग ३

## मौलिक हक

३ वैयक्तिक स्वतन्त्रता ३
४ समानता ५
५ धर्म ५
६ सम्पत्ति ६
७ राजनैतिक स्वतन्त्रता ६
८ सार्वजनिक हित ६
९ संवैधानिक उपचारको हक ७

## भाग ४

## कार्यपालिका

१० कार्यकारिणी अधिकार ७
११ राष्ट्रिय परिषद् ८

धाराहरू पृष्ठ संख्या

१२ मन्त्रिमण्डल १२
१३ श्री ५ का मन्त्रीहरू १२
१४ सहायक मन्त्री १४
१५ पारिश्रमिक १४
१६ सरकारी कार्य संचालन १५
१७ मन्त्रिमण्डलीय सरकारको अस्थायी निलम्बन १५

## भाग ५

## संसद्

### परिच्छेद १

### संसद्को गठन

१८ संसद्को गठन १७
१९ महासभाको गठन १७
२० महासभासद्को निर्वाचन १८
२१ महासभासद्को मनोनयन १८
२२ प्रतिनिधि सभा १९
२३ दुवै सदनका सदस्यहरूको लागि योग्यता २०
२४ स्थानको रिक्तता २१
२५ अनाधिकार उपस्थिति वा मतदानको दण्ड २१

### परिच्छेद २

### संसद्को बैठक

२६ संसद्को आव्हान र अवधि २२
२७ संसद्को अधिवेशन तथा बैठक २२

धाराहरू पृष्ठ संख्या

## परिच्छेद ३
## सभापतित्व गर्ने अधिकारीहरू

२८ महासभाका अध्यक्ष र उपाध्यक्ष २३
२९ प्रतिनिधि सभाको सभामुख र उपसभामुख २४
३० पारिश्रमिक २५

## परिच्छेद ४
## कार्य संचालन

३१ सपथ २५
३२ शाही सम्बोधन तथा संदेश २५
३३ मन्त्रीले उभय सदनमा अभिभाषण गर्न पाउने २५
३४ बहसमा बन्देज २६
३५ मतदान २६
३६ रिक्तावस्थामा संसदको दुवै सदनको कार्य सञ्चालन अधिकार २६
३७ गण पुरक २६
३८ संसदको बिशेषाधिकार २७
३९ नियमावली २७

## परिच्छेद ५
## व्यवस्थापिका कार्य प्रणाली

४० विधेयक प्रस्तुत विधि २८
४१ विधेयक पास विधि २९
४२ शाही स्वीकृति ३०
४३ सभामुखद्वारा प्रमाणिकरण ३१

धाराहरू पृष्ठ संख्या

## परिच्छेद ६
## आर्थिक कार्यप्रणाली


४४ सामान्य व्यवस्था ३१
४५ सञ्चित कोष ३२
४६ राजस्व र व्ययको अनुमान ३३
४७ पुरक र बढिको निमित्त मतदान ३४
४८ पेस्की अनुदान ३४
४९ उधारो अनुदान ३५
५० आकस्मिक कोष ३५


## परिच्छेद ७
## व्यवस्थापिका अधिकार


५१ सामान्य व्यवस्थापन अधिकार ३५
५२ अध्यादेश ३५
५३ संविधान संसोधन ३६
५४ बाझिएका ऐन कानून अवैध गराउने उपाय ३७
५५ संकटकालीन अधिकार ३७
५६ संवैधानिक यन्त्र विफल भएमा संकटकालिन अधिकारहरु ३८


## भाग ६
## न्यायपालिका


५७ सर्वोच्च अदालतका न्यायाधीशहरू ४०
५८ सर्वोच्च अदालतमा मुद्दाहरू झिकाउने ४१

धाराहरू पृष्ठ संख्या

## भाग ७

## लोक सेवा आयोग

५९ लोक सेवा आयोग ४२
६० लोक सेवा आयोगको कर्तव्य ४३

## भाग ८

## हिसाव जाँच

६१ महालेखा परिक्षक ४४
६२ हिसाब जांच र रिपोट ४५

## भाग ९

## सामान्य व्यवस्थाहरू

### परिच्छेद १

### श्री ५ को अधिकार

६३ राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन बनाउने अधिकार ४५
६४ सेनाको सर्वोच्च कमाण्ड ४६
६ श्री ५ को कर्मचारीको सेवाको अवधि ४६
६६ माफी ४६
६७ उपाधी, सन्मान र विभुषण ४६
६८ श्री ५ मा निहित राजकीय अधिकार ४६
६९ अदालतमा सबाल जवाफ नहुने ४७

भाग दफा पृष्ठ संख्या

## परिच्छेद २

## विविध व्यवस्था


७० राष्ट्र भाषा ४७

७१ सपथ ४७


## परिच्छेद ३

## व्याख्या र खारेजी इत्यादि


७२ परिभाषा ४७

७३ संक्षिप्त नाम र प्रकाशन ४८

७४ खारेजी ४८


## भाग १०

## संक्रमणकालीन व्यवस्था


७५ संविधान लागु गराउने अधिकार ४९

७६ वर्तमान कानून जारी रहनु र अनुकूलन पार्नु ४९

७७ बाधा अड्काउ फुकाउने अधिकार ५०

स्वस्ति श्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वि त्रिभुवन प्रजातन्त्र श्रीपद ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समर विजयिनाम् ।

आर्य संस्कृतिका अनुयायी हिन्दू धर्मावलम्बी सुप्रसिद्ध श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहका बंशज परम पूज्य राष्ट्रपिता श्री ५ महाराजाधिराज त्रिभुवन वीर बिक्रम शाहदेवबाट प्यारा प्रजाको अधिकार र हितको निमित्त एक महान् क्रान्तिको नेतृत्व गरिबक्सी संसारको इतिहासमा अमर होइबक्सेको मौसूफ बुबाज्यूबाट नेपालमा प्रजातन्त्र फलाउन प्रजाहरूलाई मौलिक हक प्रदान गर्ने उत्कट अभिलाषा राखिबक्सेकोले, र

प्रजालाई सर्वतोन्मुखी प्रगती गर्न तथा आफ्नो व्यक्तित्वको उच्चतम विकास गर्न समर्थ तुल्याउन र सदा प्रजाको इच्छाको कदर गरी चल्ने एक कुशल तथा संवैधानिक राजतन्त्रात्मक ढंगको सरकारको व्यवस्थाबाट राजनैतिक स्थिरता ल्याई राजनैतिक, सामाजिक र आर्थिक न्याय तथा राष्ट्रको एकता कायम गर्न हाम्रीबाट पनि दृढ संकल्प गरिबक्सेकोले,

सार्वभौमसत्ता सम्पन्न नेपाल अधिराज्यको निमित्त एक संविधान बनाई जारी गर्न वाञ्छनीय भएकोले हाम्रा महान तथा आदरणीय पूर्वजहरूका पाला देखिनै

चलिआएको हाम्रा मुलुकको परम्परा र प्रथा अनुसार हामीमा नै निहित रहेको यस नेपाल अधिराज्यको राजकीय सत्ता र अन्तर्निहित शाही विशेषाधिकार प्रयोग गरिबक्सी हामी श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान नामक यो मूल कानून बनाई जारी गरिबक्सेका छौं ।

# भाग- १

## प्रारम्भिक

१. संविधान–मूल कानून:– [१] यो संविधान नेपालको मूल कानून हो र यसमा रहेका उपबन्धको अधिनमा रही यससँग बाझिने नेपाल कानून बाझिएसम्म खारेज हुनेछ ।

[२] यस संबिधानको कुनै कुराले पनि राजगद्दी उत्तराधिकार सम्बन्धी श्री ५ महाराजाधिराजको बंशानुक्रम, रीत परम्परा र भइरहेको ऐनलाई बदल्ने वा प्रतिकूल प्रभाव गर्ने छैन ।

[३] यस संविधानमा "श्री ५" शब्दले श्री ५ बडा महाराजा पृथ्वी नारायण शाहका शाही बंशज आर्य संस्कृतिका अनुयायी हिन्दू धर्मावलम्वी गद्दीनसीन श्री ५ महाराजाधिराजलाई संबोधन गरेको सम्झनु पर्दछ ।

# भाग-- २

## तोकिएको दिन

२. तोकिएको दिन:– यस संविधानको धारा ७३ र धारा ७५ तुरुन्त र अरु उपबन्धहरु श्री ५ बाट शाहीघोषणाद्वारा निधो गरिबक्सेको दिनदेखि लागू हुनेछ र त्यसरी निधो गरिबक्सेको दिनलाई यो संविधानमा उल्लेख भएको "तोकिएको दिन" मानिने छ ।

# भाग– ३

## मौलिक हक

३. वैयक्तिक स्वतन्त्रता:– [१] कानून बमोजिम बाहेक कुनै व्यक्तिको पनि ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन।

[२] मानिसको बेचबिखन, दासत्व र कुनै किसिमको जबरजस्ती काम गराउन निषेध गरिएको छ ।

तर सार्वजनिक प्रयोजनको लागि कानूनद्वारा अनिवार्य सेवाको व्यवस्था गर्न सकिनेछ ।

[३] तत्काल प्रचलित कानूनले सजायँ भागी नहुने कुनै काम गरेको बापतमा कुनै व्यक्ति सजायँ भागी हुने छैन र कुनै व्यक्तिलाई पनि कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी दण्ड सजायँ दिइने छैन ।

[४] कुनै व्यक्ति उपर अदालतमा त्यसै अपराधमा एक पटक भन्दा बढता मुद्दा चलाइने र दण्ड सजायँ गरिने छैन ।

[५] कुनै अपराधको आरोप लागेका व्यक्तिलाई आफ्नु विरुद्ध साक्षी हुन कर लाग्ने छैन ।

[६] कुनै गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारण सहितको सूचना यथाशक्य चांडो नदिई थुनामा राखिने छैन र त्यस्ता व्यक्तिलाई आफुले रोजेको स्वीकृत कानूनी व्यवसायीसंग सल्लाह लिने र उसद्वारा पुर्पक्ष गर्ने अधिकार इन्कार गरिने छैन ।

स्पष्टीकरण:– यस उपधाराको प्रयोजनको निमित्त कानूनी व्यवसायी भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न तत्काल प्रचलित नेपाल कानूनले अधिकार दिएको जुनसुकै व्यक्तिलाई पनि लिइनेछ ।

[७] गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाइ गिरफ्तार भएको ठाउंबाट बाटाको म्याद बाहेक २४ घण्टा भित्र मुद्दा हेर्ने अधिकार भएको सबभन्दा नजिकको अधिकारीको समक्ष उपस्थित गराउनुपर्छ र कुनै पनि व्यक्तिलाइ त्यस्ता अधिकारीको आदेशले बाहेक उक्त अवधि भन्दा बढी थुनामा राख्न हुदैन।

[८] उपधारा [६] वा [७] मा लेखिएका कुरा देहाएका व्यक्तिलाइ लागू हुनेछैन।

[क] कुनै शत्रु राष्ट्रको नागरिक,

[ख] निवारक नजरबन्द राख्ने व्यवस्था भएको जुनसुकै कानून अन्तर्गत गिरफ्तार भएको वा नजरबन्द रहेको व्यक्ति।

[९] निबारक नजरबन्द राख्ने व्यबस्था भएको जुनसुकै कानूनले देहाएको अवस्थामा बाहेक ३ महीना भन्दा बढता अवधिसम्म कुनै मानिसलाइ नजरबन्द राख्न अधिकार दिनेछैन।

[क] नजरबन्द राखेको मितिले ३ महीना भुक्तान नहुँदै सर्वोच्च अदालतको न्यायाधीश भइसकेको वा न्यायाधीश भइरहेको वा न्यायाधीश हुन लायकको व्यक्तिहरूको गठित सल्लाहकार समितिले त्यस्ता व्यक्तिलाइ नजरबन्द भै राख्न पर्ने पर्याप्त कारण देखाइ स्पष्ट राय व्यक्त गरेकोमा, वा

[ख] त्यस्तो व्यक्ति उपधारा [१२] अन्तर्गत बनेको कानूनमा भएको व्यवस्था बमोजिम नजरबन्द राखिएकोमा,

तर– खण्ड [क] को कुनै कुराले पनि सम्बन्धित नजरबन्दी सम्बन्धी कानूनमा तोकिएको उपल्लो हदभन्दा बढी समयसम्म नजरबन्द राखिने छैन।

[१०] निवारक नजरबन्द राख्ने कानून अनुसार नजरबन्द राख्ने अधिकारीले नजरबन्दमा रहेका व्यक्तिलाइ यथाशक्य चाँडो नजरबन्द राखिएको कारण सहितको सूचना दिनुपर्ने छ र नजरबन्द राखिएका व्यक्तिले नजरबन्द राख्ने आदेशको

विरुद्ध आफ्नो बचाऊ सम्बन्धी कुनै कुरा लेखिदिन चाहेमा त्यसरी दिनपाउने मौका पनि दिनुपर्नेछ ।

[११] उपधारा [१०] मा लेखिएको कुनै कुराले पनि नजरबन्द राखिएको कारण प्रकट गर्दा सार्वजनिक हित वा देशको सुरक्षामा हानी पुग्छ भन्ने नजरबन्द राख्ने अधिकारीलाई लागेमा त्यस्तो कारण प्रकट गर्न कर लाग्ने छैन ।

[१२] कानूनद्वारा देहाएको कुरा तोक्न सकिने छ ।

[क] अवस्था र मामिलाको किसिम तोकि कुन अवस्था र कस्ता किसिमको मामिलामा सल्लाहकार समितिको राय नलिइकन पनि ३ महीना भन्दा बढी समय सम्म नजरबन्द राख्न सकिने छ भनी, र

[ख] कुन अबस्था र कुन कुन किसिमका मामिलामा बढीमा कति समय सम्म नजरबन्द राख्न सकिने छ भनी, र

[ग] उपधारा [६] को खण्ड [क] बमोजिम गठित सल्लाहकार समितिको काम कर्तब्य र कार्यविधि ।

४. समानता:- [१] सबै नागरिक कानूनको समान संरक्षणको हकदार हुनेछन,

[२] सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जात जातिको आधारमा भेदभाव गरिनेछैन ।

[३] सरकारी सेवाको नियुक्तिमा कुनै पनि नागरिक माथि केवल धर्म, वर्ण, वा जात जातिको आधारमा भेदभाव हुने छैन, तथा स्त्री, पुरुष दुवै थरीको लागि खुला रहेको सरकारी नोकरीको हकमा लिङ्गको आधारमा पनि भेदभाव हुनेछैन ।

[४] नेपाल अधिराज्यका विभिन्न क्षेत्रका जनताका बीच वा जनताका बिभिन्न वर्ग वा जात वा जातिका बीच कसैले घृणा द्वेष फैलाउन वा बैरभाव पैदा गराउन पाउने छैन।

५. धर्म— प्रत्येक नागरिकले प्रचलित परम्पराको मर्यादा राखि सनातनदेखि चली आएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्न सक्नेछ ।

तर– कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन ।

६. सम्पत्ति:– [१] कानून बमोजिम बाहेक कुनै व्यक्तिको पनि सम्पति अपहरण हुने छैन ।

[२] प्रत्येक नागरिकलाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, ग्रहण गर्ने तथा बेच–बिखन गर्ने हक रहनेछ ।

७. राजनैतिक स्वतन्त्रता: –प्रत्येक नागरिकलाई निम्नलिखित स्वतन्त्रताको हक प्राप्त हुनेछ।

(क) बाक तथा प्रकाशन स्वतन्त्रता,

[ख] बिना हातहतियार भेला हुने स्वतन्त्रता,

[ग] संघ, संस्था खोल्ने स्वतन्त्रता;

[घ] नेपालको कुनै पनि भागमा आबत जाबत तथा बसोबास गर्ने स्वतन्त्रता।

८. सार्वजनिक हित–[१] यस भागको कुनै कुराले पनि निम्नलिखित कानून अमान्य हुने छैन।

[क] अनुकूलन र परिवर्तन गरी वा नगरी उपधारा [२] मा लेखिए मध्ये कुनै अभिप्रायको निमित्त आवश्यक छ भनि श्री ५ बाट प्रमाणित गरिबक्सेको तोकिएको दिन अगाडी बनेको कानून ।

[ख] सार्वजनिक हितको निमित्त भनी तोकिएको दिन पछि बनेको कानून ।

[२] शान्ति र व्यवस्था कायम राख्ने वा नेपालको सुरक्षा, नेपाल र अन्य राष्ट्रहरूको सुसम्बन्ध, विभिन्नबर्ग वा जाति वा क्षेत्रका जनताका वीचको सुसम्बन्ध वा साधारणतया नेपालको नागरिकहरूको सदाचार, स्वास्थ्य, सुविधा वा आर्थिक हित, शिष्टाचार र नैतिकता कायम राख्ने वा आन्तरिक अशान्ति रोक्ने वा अदालत वा संसदका कुनै सदनको अवहेलना हुन दिनबाट रोक्ने वा यस संविधान वा प्रचलित नेपाल कानूनको व्यवस्था उल्टाउने कुचेष्टा वा यस्तै अरू कुनै प्रयास रोक्ने उद्देश्यले बनेको भनी प्रस्तावनामा लेखिएको छ भने त्यस्तो ऐन उपधारा [१] को खण्ड [ख] को तात्पर्यको लागि सार्वजनिक हितको निमित्त बनेको मानिने छ ।

[३] श्री ५ को कुनै पनि सशस्त्र सेनामा नोकरी गर्ने कुनै पनि जवान उपर यो भागमा गरिएको व्यवस्था लागू हुने छैन तथा ऐन द्वारा जुनसुकै

पुलीसमा सेवा गर्ने जुनसुकै व्यक्ति माथि लागू हुने हदसम्म यो भागको जुनसुकै उपबन्धको प्रयोगलाई सीमित तथा परिवर्तन गर्न सकिनेछ ।

९. संवैधानिक उपचारको हकः— [१] यस भागद्वारा प्रदत्त अधिकारको प्रचलनका लागि निर्धारित तरीका अनुसार कारबाई चलाउन सर्वोच्च अदालतमा आवेदन गर्ने हक सुरक्षित गरिएको छ ।

[२] उपधारा [१] अनुसार आबेदन पर्न आएमा सर्वोच्च अदालतले त्यस्तो अधिकारको प्रचलनको लागि जो चाहिने आज्ञा, आदेश बा पूर्जी जसमा बन्दी प्रत्यक्षिकरण, परमादेश, प्रतिशेध, अधिकारपृच्छा र उत्प्रेषणका प्रकारका पूर्जी समेत सामेल छन जारी गर्न सक्नेछ ।

(३) उपधारा (१) र (२) बमोजिम सर्वोच्च अदालतले पाएको अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी सर्वोच्च अदालत मातहतका कुनै अदालत— लाई सो अदालतको कार्य क्षेत्रभित्र उपधारा (२) मा लेखिएको आज्ञा, आदेश बा पूर्जि जारी गर्ने सैब बा केही प्रकारका अधिकार प्रयोग गर्ने गरी कानूनद्वारा ब्यवस्था गर्न सकिनेछ।

# भाग ४

## कार्यपालिका

१०. कार्यकारिणी अधिकारः— (१) नेपाल अधिराज्यको कार्यकारिणी अधिकार श्री ५ मा निहित छ र यो संविधान तथा नेपाल कानूनका कार्य सम्पादन र संरक्षणसम्म विस्तृत छ र उक्त अधिकार यो संविधानमा रहेको ब्यवस्था र प्रचलित कानून अनुसार मौसूफबाट स्वयम बा मन्त्रीहरुद्वारा बा मौसूफका मा— तहतका अन्य कर्मचारीहरुद्वारा प्रयोग गरिबक्सनेछ ।

(२) यो संविधानमा श्री ५ बाट मौसूफको स्वविबेकले गरिबक्सने वा निर्धारित व्यक्तिको सिफारिशमा गरिबक्सने भनी किटान भएको वाहेकका अस्काम मौसूफबाट प्रधानमन्त्रीमार्फत पेश हुने मन्त्रीमण्डलको

सिफारिश बा कुनै प्रश्नको संबन्धमा तत् सम्बन्धी कारबाइ गर्न प्रधानमन्त्रीबाट अख्तियार पाएको मन्त्रीको सिफारिशमा गरिबक्सनेछ ।

(३) जरूरी परेमा बाहेक श्री ५ बाट तोकि बक्सेका विषयहरूमा अघि नै मौसूफमा अनौपचारिक तवरले परामर्श नगरी कुनै सिफारिश मौसूफमा पेश हुने छैन र मन्त्रीमण्डलद्वारा बिचार भैसकेको बा बिचार नभइ आएको कुनै सिफारिश श्री ५ बाट मन्त्रीमण्डलको विचारार्थ पठाउन सकिबक्सनेछ ।

(४) कुनै सिफारिश श्री ५ मा पेश भएको छ छैन र भएको भए के कस्तो सिफारिस भएको छ भन्ने र यस संविधानको ब्यबस्था अनुसार श्री ५ बाट कुनै ब्यक्ति बा अधिकारीसंग परामर्श गरिबक्सेको छ छैन भन्ने प्रश्न कुनै पनि अदालतमा उठाइने छैन ।

[५] कुनै कुरा श्री ५ बाट मौसूफको स्वविवेकमा गरिबक्सने किसिमको हो होइन भन्ने प्रश्न उठेमा मौसूफको स्वबिबेकबाट भएको निर्णय अन्तीम हुनेछ र श्री ५ बाट त्यसरी गरिबक्सेको कुनै कुराको मान्यता दिने विषयलाइ लिइ मौ–सूफबाट स्वविवेकमा गरीबक्सन हुने नहुने भन्ने आधारमा कुनै प्रश्न उठाईने छैन ।

[६] यस संविधान अनुसार श्री ५ बाट मौसूफको स्वविवेकमा हुने जतिकार्य श्री ५ को नाममा र मौसूफमा निहित अन्य कार्यकारिणी कार्य श्री ५ को सर–कारको नाममा हुनेछ।

[७] श्री ५ को बा श्री ५ को सरकारको नाममा तयार भै कार्यान्वित भएका आदेश निर्णयहरू र अरू अधिकारपत्रहरू क्रमश: श्री ५ बाट मौसूफको स्वविवेकमा बा श्री ५ को सरकारबाट बनाइने नियम बमोजिम प्रमाणित गरिने छ र यसरी प्रमाणित भएको आदेश, निर्णय बा अधिकारपत्रहरू श्री ५ बाट मौसूफको स्व-विवेकमा बा श्री ५ को सरकारबाट कार्यान्वित भएको बा तयार गराएको आदेश बा निर्णय बा अधिकारपत्र होइन भनी त्यस्तो आदेश बा निर्णय बा अधिकारपत्रको मान्यता बारे प्रश्न उठाइने छैन ।

११. राष्ट्रिय परिषद:—[१] यस धारामा भएका व्यवस्थाको अधिनमा रही श्री ५ र निम्नलिखित व्यक्तिहरु समेतको एक राष्ट्रिय परिषद रहनेछ।

[क] महासभाको अध्यक्ष उपाध्यक्ष तथा प्रतिनिधि सभाका सभामुख उप-सभामुख पदेन सदस्य,

[ख] श्री ५ का तत्कालीन मन्त्रीहरु पदेन सदस्य

[ग] भूतपूर्व मन्त्रीहरु सदस्य

[घ] श्री ५ बाट स्वविवेकले नियुक्त हुने अन्य सदस्य।

[२] उपधारा [१] को खण्ड (ग) बमोजिम भएको कुनै सदस्य अा इन्दा राष्ट्रियपरिषद्को कामको उपयुक्त छैन भन्ने राष्ट्रिय परिषदसँग परामर्श गरिबक्से पछि श्री ५ मा लागेमा मौसूफका स्वविवेकले सो सदस्य सदस्यताबाट मुक्त हुनेछ।

(३) उपधारा (१) को खण्ड (घ) बमोजिम नियुक्त भएका व्यक्ति श्री ५ को इच्छानुसारको अवधिसम्म सदस्य रहनेछन।

(४) राष्ट्रिय परिषद्को बैठक श्री ५ को हुकूम अनुसार बोलाइने छ, र मौसूफ उपस्थित होइबक्सेमा मौसूफबाट सभापतिको आसन ग्रहण गरिबक्सने छ। मौसूफको अनुपस्थितिमा, श्री ५ को स्वविवेकबाट साधारण तवरले वा खास तवरले मनोनित भएको उपसभापतिले र त्यसरी उपसभापति मनोनित नभएको हालतमा राष्ट्रिय परिषद्को सो बैठकमा प्रस्तावद्वारा निर्णय गरेको सदस्यले बैठकको सभापतित्व गर्नेछ।

[५] उपधारा [४] मा जेसुकै लेखिएको भएता पनि निम्नलिखित अवस्थामा राष्ट्रियपरिषद्को बैठक राष्ट्रियपरिषद्का सचिवले बोलाउनेछ। सो बैठकमा प्रस्तावद्वारा निर्णय गरेको सदस्य सो बैठकको सभापति हुनेछ।

[क] श्री ५ को स्वर्गवास भएमा वा मौसूफबाट राजगद्दी परित्याग गरिबक्सेमा राष्ट्रियपरिषद्ले

[१] श्री ५ को वंशानुक्रम, ऐन, रित र परम्परा अनुसार श्री ५ को उत्तराधिकारीका राज्यारोहणको घोषणाको आदेश दिनेछ, र

[२] यदि श्री ५ को उमेर १८ वर्ष भन्दा कम भएमा ऐनका अधिनमा रही राष्ट्रियपरिषद्ले निर्णय गरे अनुसार उपराज वा उपराज परिषद्को व्यवस्था मिलाउनेछ।

वा

[ख] प्रधानमन्त्री रहेमा प्रधानमन्त्री र राष्ट्रियपरिषद्को अन्य एक सदस्यले वा प्रधानमन्त्री नरहेका अवस्थामा राष्ट्रिय परिषद्का कुनै दुइ सदस्यले निज हरूको रायमा श्री ५ मानसिक वा शारीरिक असक्तताको कारणले बैठक बोलाउने आदेश बक्सन असमर्थ भइबक्सेको छ भनी हस्ताक्षर गरी माग गरेमा राष्ट्रिय परिषद्ले—

[१] श्री ५ मानसिक वा शारीरिक असक्तताले राष्ट्रियपरिषद्को बैठक बोलाउने आदेश बक्सन असमर्थ भइबक्सेको हो वा होइन निर्णय गर्ने छ, र

[२] राष्ट्रियपरिषद्ले हो भनी निर्णय गरेमा ऐनको अधिनमा रही परिषद्बाट निर्णय गरे बमोजिम उपराज वा उपराज परिषद्को व्यवस्था मिलाउनेछ

तर—[१] खण्ड [क] बमोजिम व्यवस्था गरिएका उपराज वा उपराज परिषद् श्री ५ अठार बर्ष पुगि बक्से पछि कायम रहने छैनन्।

[२] खण्ड [ख] बमोजिम व्यवस्था गरिएका उपराज वा उपराज परिषद् श्री ५ को स्वर्गवास भएमा वा मौसूफबाट राजगद्दी परित्याग गरिबक्सेमा वा पुनः राजकीय कार्यभार बहन गर्न समर्थ होइबक्सन्छ भनी मौसूफको स्वविवेकले राष्ट्रियपरिषद्लाई सूचना बक्सेमा ऐनको अधीनमा रही कायम रहने छैनन्।

[६] उपधारा [५] बमोजिम व्यवस्था गरिएका उपराज वा उपराज परिषद्लाई श्री ५ वा मौसूफका उत्तराधिकारीको प्रतिकूल पर्ने कुनै निर्णय गर्ने वा स्वीकृति प्रदान गर्ने अधिकार हुने छैन।

[७] राष्ट्रिय परिषदको कुनै पनि बैठकमा सदस्यहरू मध्येबाट कोही अनुपस्थित रहेपनि काम चालु रहने छ यदि—

[क] सूचना जारी हुने दिन सम्म भएका राष्ट्रिय परिषदका सबै सदस्यलाई बैठक हुने सूचना पठाएको छ भने, र

[ख] खण्ड [क] बमोजिम सूचना गरिएका सबै सदस्य संख्याको कमसेकम चार खण्डको एक खण्ड सदस्य मत गणनामा भाग लिए पनि नलिए पनि उपस्थित रहन्छन् भने ।

[८] श्री ५ बाट यस संबिधान बमोजिम वा अरू तबरले संबिधान अन्तर्गतका मौसुफको कार्य सम्पादनको सिलसिलामा राष्ट्रिय परिषद्सँग परामर्श मात्र लिने इच्छा गरिबक्सेमा उपधारा [७] को खण्ड (ख) लागू हुनेछैन ।

[९] राष्ट्रियपरिषदको निर्णय उपस्थित भइ मतगणनामा भाग लिने सदस्यहरूको बहुमतबाट हुनेछ ।

[१०] उपधारा [५] को खण्ड[क] को उपखण्ड [१] मा भएको कुनै कुराले पनि त्यस्ता घोषणा जारी नभएसम्म श्री ५ को उत्तराधिकारीलाई राजगद्दीको अधिकार प्रयोग गरी बक्सनमा बाधा पुऱ्याउने छैन, तथा त्यस्ता हरएक काम कानून विरुद्ध नभएकोमा त्यस्तो घोषणा द्वारा समर्थित हुनेछ ।

[११] यस धारामा जेसुकै लेखिएको भएता पनि श्री ५ बाट मौसुफ नेपाल बाहिर रहिबक्सेको अवधि वा कुनै तोकिएका अवधिसम्मको निमित्त लालमोहरले प्रमाणित गरिबक्सेको अधिकारपत्रमा तोकिएको शर्तको अधिनमा रही मौसूफबाट गरिबक्सने कुनै कार्य चलाउन मौसूफका स्वविबेकले कुनै ब्यक्ति अथवा दुई वा बढी ब्यक्तिलाई अख्तियार दिन सकि बक्सनेछ । त्यस्तो व्यक्ति वा व्यक्तिहरूले अधिकारपत्रमा तोकिएको शर्त तथा परिधिको अन्तर्गत रही गरेको कार्य यस संविधानको उद्देश्यका लागि श्री ५ बाट भए सरह मानिनेछ ।

(१२) श्री ५ बाट प्रधानमन्त्री रहेको अवस्थामा निजसंग पनि परामर्श गरी मौसूफको स्वविवेकले राष्ट्रिय परिषदको सचिव नियुक्त गरिबक्सनेछ ।

१२. मन्त्रि-मण्डलः-(१) प्रधामन्त्री सहितको एक मन्त्रि-मण्डल रहनेछ जस्मा प्रधानमन्त्री मुख्य हुनेछन् त्यो मन्त्रिमण्डलमा चौध जनामा नबढाई प्रधानमन्त्रीको सिफारिशमा श्री ५ बाट निर्णय गरिबक्से जति श्री ५ का अन्यमन्त्री रहनेछन् ।

(२) यो संविधानको उपबन्धहरूको अन्तर्गत रही मन्त्रिमण्डललाई नेपाल अधिराज्यको शासनको सामान्य निर्देशन तथा नियन्त्रण गर्ने अभिभारा रहनेछ र मन्त्रिमण्डल सामुहिक रूपले प्रतिनिधिसभा प्रति उत्तरदायी हुनेछ

१३ श्री ५ का मन्त्रीहरु:-(१) श्री ५ बाट मौसूफको स्वविवेकमा प्रधानमन्त्री नियुक्त गरिबक्सनेछ तर त्यो व्यक्ति मौसूफको रायमा प्रतिनिधिसभामा तत्कालै अथवा अर्को आम निर्वाचन भएपछि बहुमत प्राप्त गर्नसक्ने हुनुपर्छ ।

(२) श्री ५ का अन्य मन्त्रीहरु प्रधानमन्त्रीको सिफारिशमा श्री ५ बाट नियुक्त हुनेछन् र ती मन्त्रीहरु मध्ये कमसेकम दुइजना महासभासद्‌बाट लिइनेछ ।

(३) प्रधानमन्त्री प्रतिनिधिसभाका सदस्यहरु मध्येबाट नियुक्त हुनेछन् ।

तर- श्री ५ को स्वबिवेकमा उपधारा (१) अनुसार प्रतिनिधिसभामा बहुमत प्राप्त गर्नसक्ने व्यक्ति छैन भन्ने लागेमा मौसूफबाट सो सभाको सदस्य नभएका अन्य व्यक्तिलाई पनि प्रधानमन्त्री पदमा नियुक्त गर्न सरिबक्सनेछ । महासभाको पनि सदस्य रहेनछ भने त्यस्तो व्यक्तिले चारमहीना भित्र महासभाको वा प्रतिनिधिसभाको सदस्य हुन नसकेमा प्रधानमन्त्रीको पदमा रहने छैन।

(४) श्री ५ संग परामर्श गरी मौसूफका मन्त्रीहरुमा प्रधानमन्त्रीले कार्यभारको विभाजन गर्नेछ र ती मन्त्री आफ आफ्नो विभागको प्रशासनको लागि श्री ५ र मन्त्रीमण्डल प्रति उत्तरदायी हुनेछन ।

तर– प्रधानमन्त्रीले मन्त्रीहरु मध्ये एक वा दुइ जनासम्म विना विभागको मन्त्री राख्न सक्नेछ।

(५) प्रधामन्त्री देहायको अवस्थामा आफ्नो पद तथा कार्यभारबाट मुक्त हुनेछ ।

[क] लिखित राजीनामा श्री ५ बाट स्वीकृत भएमा वा

[ख] लगातार चार महीनाको अबधिसम्म प्रतिनिधि सभाको वा उपधारा [३] को प्रतिबन्धात्मक बाक्यांँश अनुसार नियुक्त भएको भए संसदको कुनै सदनको सदस्य हुन नसकेमा, वा

[ग] प्रतिनिधि सभाका तत्कालीन सबै सदस्य संख्याको बहुमतले श्री ५ को सरकार माथि अविश्वासको प्रस्ताव पास गरेमा, वा

[घ] श्री ५ बाट राष्टि्ूय परिषदसंग परामर्श गरिबक्सेपछि मौसूफको सरकार प्रतिनिधिसभाको विश्वाश रहित भएको छ वा सो सरकारले यो संबिधानको उपबन्धको प्रतिकूल काम गर्दै आइ रहेको छ भन्ने कुरामा मौसूफको स्वविवेकमा संतुष्ट होइबक्सेमा ।

तर–यस उपधाराको कुनै कुराले पनि प्रधान मन्त्री पदको कार्यभारबाट यस उपधारा बमोजिम मुक्त भएको व्यक्तिलाई श्री ५ बाट मौसूफको स्वविवेकले पुनः प्रधान मन्त्री नियुक्त गरिबक्सन बाधा पुर्‍याउने छैन।

[६] प्रधानमन्त्री बाहेक श्री ५ को अन्य मन्त्री देहायको अवस्थामा आफ्नो पद तथा कार्यभारबाट मुक्त हुनेछन ।

[क] प्रधानमन्त्री मार्फत पेश भएको लिखीत राजीनामा श्री ५ बाट स्वीकृत भएमा, वा

[ख] लगातार चार महीनासम्म महासभा वा प्रतिनिधिसभाको सदस्य नभएमा, वा

[ग] जुन प्रधानमन्त्रीको सिफारिशमा मन्त्री नियुक्त भएको थियो त्यो प्रधानमन्त्री आफ्नु कार्यभारबाट मुक्त भएकोमा, वा

[घ] प्रधानमन्त्रीको सिफारिशमा श्री ५ बाट त्यो मन्त्री कार्यभारबाट मुक्त गरिबक्सेमा ।

तर— यस्तो कोही पनि मन्त्री पुनर्नियुक्तिको निमित्त अयोग्य हुने छैन ।

१४. सहायक मन्त्रीः— [१] श्री ५ बाट मौसूफको कुनै मन्त्रीलाई कार्यभार संचालन गर्न सहायता दिनको निमित्त प्रधानमन्त्रीको सिफारिशमा सहायक मन्त्री नियुक्त हुन सक्नेछ ।

तर— सहायक मन्त्रीको संख्या १० भन्दा बढी हुनेछैन र कमसेकम दुई जना यस्ता सहायक मन्त्री महासभासद मध्येबाट लिइनेछ ।

[२] धारा १३ को उपधारा [६] श्री ५ को मन्त्रीलाई सरह सहायक मन्त्रीलाई पनि लागू हुनेछ ।

[३] कुनै बेला श्री ५ को कुनै मन्त्री वा सहायक मन्त्री आफ्नो ओहदाको कार्य संचालन गर्न उपस्थित रहन असमर्थ हुन्छ भने त्यस्तो केही समयको लागी उसको कार्यभार संचालन गर्ने श्री ५ को अर्को कुनै मन्त्री वा सहायक मन्त्रीलाई सुम्पिन पनि प्रधानमन्त्रीले सक्नेछ तर प्रधानमन्त्रीले श्री ५ का मन्त्रीको काम कुनै सहायक मन्त्रीलाई सुम्पेकोछ भने पनि त्यस्तो सहायक मन्त्री मन्त्रिमण्डलको सदस्य हुनेछैन ।

१५. पारिश्रमिकः— श्री ५ को प्रधानमन्त्री र अन्य मन्त्रीहरू तथा सहायक मन्त्रीहरूको पारिश्रमिक ऐनले तोक्नेछ र त्यसरी नतोकिएसम्म श्री ५ बाट तोकिबक्सनेछ ।

१६. सरकारी कार्य संचालनः— [१] प्रधानमन्त्रीको कर्तव्य देहायबमोजिम हुनेछ—

[क] श्री ५ मा कार्यावली, कार्याबली सम्बधित कागज र मन्त्रिमण्डलको निर्णय र विधानार्थ प्रस्ताव वा मन्त्रिमण्डलमा पेश नभई निर्णय भएको कुनै महत्वपूर्ण कार्यकारिणी कामको विवरण पेश गर्ने।

[ख] श्री ५ बाट मौसूफको स्वविवेकले चाहि बक्सेको सरकारी कामको संचालन संम्बधि सूचना मौसूफमा पेश गर्ने !

[२] यो संविधान अन्तर्गत श्री ५ को सरकारको कार्य संचालनको बिधि, कार्य बिभाजन तथा सम्पादन र श्री ५, मंत्रिमण्डल, श्री ५ का मन्त्री, सहायक मन्त्री र अन्य श्री ५ का कर्मचारीका बीच कस्तो सम्बन्ध रहनुपर्दछ भन्ने समेत कुरा श्री ५ को स्वबिबेकबाट स्वीकृत, नियमावली बमोजिम हुनेछ। यो संबिधानको अनुकूल रहेसम्म ती नियमावली अनुसार कार्य गर्न मन्त्रिमण्डल श्री ५ को मन्त्री, सहायक मन्त्रीहरू र श्री ५ का कर्मचारीहरू बाध्य हुनेछन्।

तर— ती नियमाबलीको पालना भयो वा भएन भन्ने सबाल जबाफ कुनै अदालतमा हुनेछैन।

१७. मंत्रिमण्डलीय सरकारको अस्थायी निलम्बनः— [१] यस भागको यस अघिका उपबन्धहरूमा जे सुकै लेखिएको भएता पनि श्री ५ बाट राष्ट्रिय परिषदसँग परामर्श गरिबक्सेपछि प्रधानमन्त्री भएर प्रतिनिधि सभामा बहुमत प्राप्तगर्न सक्ने व्यक्ति पाउन असम्भव छ भन्ने मौसूफको स्वबिबेकमा सन्तुष्ट होइबक्सन्छ भने मौसूफको स्वविवेकबाट घोषणाद्वारा यो संबिधानका १२ देखि १६ सम्मका धाराहरूलाई निलम्बन गरी बक्सन बिधिवत् हुनेछ र त्यस्तो घोषणा लागू रहेसम्म—

[क] मन्त्रिमण्डलबाट हुने कामको संचालन राष्ट्रियपरिषद्संग परामर्श लिइबक्सी श्री ५ बाट मौसूफको स्वबिबेकमा हुनेछ।

[ख] श्री ५ बाट महासभा वा प्रतिनिधि सभामा सदस्य भएका वा नभएका व्यक्तिलाई मन्त्रीबाट हुने बिभागीय कार्य संचालन गर्न नियुक्त गर्न सकिबक्सने छ र यस्तो व्यक्ति –

[१] राष्ट्रियपरिषद्को सदस्य हुनेछ।

[२] आफूलाई सुम्पिएको बिभागीय प्रशासनको लागि श्री ५ प्रति उत्तरदायी हुनेछ।

[३] श्री ५ को इच्छानुसारको अवधिसम्म बहाल रहनेछ

[४] संसद्को कुनै सदनमा र सदनका कुनै समितिमा उपस्थित रहन र कारबाइमा भाग लिन पाउंदछ। तर त्यस्तो सदन वा समितिमा सदस्य नै नभइ मतदिन पाउनेछैन।

[५] श्री ५ को स्वबिबेकबाट निर्णय भएअनुसार पारिश्रमिक पाउनेछ।

[२] उपधारा [१] अनुसार श्री ५ बाट गरिबक्सेको घोषणा मौसूफको स्वबिबेकबाट गरिबक्सेको अर्को घोषणाद्वारा खारेज हुन सक्नेछ र प्रतिनिधि सभाको बहुमत प्राप्त गरी प्रधानमन्त्री हुन सक्ने व्यक्ति प्राप्त हुन सम्भव छ भन्ने कुरामा श्री ५ संतुष्ट होइबक्सन्छ भने उपरोक्त तरीकाले खारेज हुनेछ।

तर–त्यसरी खारेज नभएमा पनि अर्को आम निर्बाचन पछिको सदनको पहिलो बैठक वा त्यस्तो घोषणा जारी भएको मितिले बाह्र महीना बितेको अवधि मध्ये जुन मिति पहिले पर्दछ सो दिन उक्त उपधारा [१] अनुसारको घोषणा स्वतः निष्क्रिय हुनेछ।

# भाग ५
## संसद

# परिच्छेद १
## संसदको गठन

१८. **संसदको गठन**:—श्री ५ महाराजाधिराज र महासभा तथा प्रतिनिधिसभा नामका दुइ सदन सहितको एक संसद रहनेछ।

१९. **महासभाकोगठन**:— [१] महासभामा जम्मा ३६ जना महासभासद रहनेछन्, जस मध्ये १८ जना (यसपछि निर्वाचित महासभासद भनी सम्बोधन गरिएको) प्रतिनिधि सभाद्वारा निर्वाचित हुनेछन् र १८ जना (यसपछि मनोनित महासभासद भनी सम्बोधन गरिएको) श्री ५ बाट धारा २१ अनुसार मनोनित हुनेछन्।

(२) धारा २० तथा २१ को अधिनमा रही महासभासदको पदावधी ६ वर्षको हुनेछ र प्रतिनिधिसभाको विघटनले कुनै असर पर्नेछैन।

(३) उपधारा (२) मा जेसुकै लेखिएको भएपनि—

(क) कुनै आकस्मिक रिक्त स्थानको पूर्तिको लागि निर्वाचित वा मनोनीत महासभासदले आफ्नो साबिकवालाको अवशेष पदावधीसम्म मात्र बहाल गर्नेछ र

(ख) महासभासदको सर्वप्रथम चुनावमा बाहेक कुनै पनि महासभासदको पदावधि आफ्नु साविकवालाको पदावधि भुक्तान भएको मिति देखि गणना गरिनेछ।

(४) निर्वाचित महासभासदको आकस्मिक रिक्त स्थानको पूर्तिको लागि पृथक चुनाव गरिनेछ।

(५) अवकाश लिने महासभासद् योग्यता रहित नभए समय समयमा निर्वाचन वा मनोनयनको लागि योग्य हुनेछ।

(६) यो धारामा "आकस्मिक रिक्त स्थान" भन्नाले महासभासद्को मृत्यु, राजीनामा वा अयोग्यताको कारणबाट हुन आएको रिक्त स्थानलाई जनाउँछ।

२०. महासभासद्को निर्बाचनः—[१] धारा २६ बमोजिम प्रतिनिधि सभाको एक सभामुख र एक उपसभामुखको सर्वप्रथम निर्बाचन भएपछि प्रतिनिधि सभाले अन्य कार्यमा लाग्नु अगावै अठार्ह जना महासभासदको निर्बाचन गर्नेछ र त्यसपछि निर्बाचित महासभासद मध्येबाट कुनै स्थान रिक्त भएमा यथाशीघ्र प्रतिनिधि सभाले त्यसको पूर्ति गर्न कुनै व्यक्तिलाई निर्बाचन गर्नेछ।

[२] महासभासदहरुको निर्बाचनमा भरिनु पर्ने स्थानभन्दा उम्मेदवारको संख्या बढी भएमा समानुपातिक प्रतिनिधित्वको सिद्धान्त बमोजिम एउटै संक्रमणीय मतद्वारा निर्बाचन गरिनेछ।

[३] यस संबिधानको उपबन्धहरुको अधीनमा रही महासभासदहरुको निर्बाचन ऐनद्वारा व्यबस्थित हुनेछ, त्यस्तो नभएसम्म श्री ५ बाट बनाइबक्सेको नियमद्वारा व्यबस्थित हुनेछ।

[४] धारा २८ अन्तर्गत एक अध्यक्ष र एक उपाध्यक्षको सर्वप्रथम निर्बाचन भएपछि अध्यक्षले निर्बाचित महासभासदहरूलाई गोलाप्रथाद्वारा महासभासद मध्ये को को ६ जना ७ बर्ष, को को ६ जना ५ बर्ष, र को को ६ जना ३ बर्ष रहने भन्ने निर्णय गर्ने छन्, त्यसरी भएको निर्णयानुसार पहिलो पटकलाई निजहरूको पदाबधी कायम हुनेछ।

२१. महासभासदको मनोनयनः—[१] धारा २० अन्तर्गत महासभासदहरुको सर्वप्रथम निर्बाचन भई सके पछि यथाशीघ्र श्री ५ बाट मौसूफको स्वबिबेकमा

अठार्ह जना महासभासदहरू मनोनित गरिबक्सनेछ, र तत्पश्चात् मनोनित महासभासदहरू मध्ये कुनै स्थान रिक्त हुन आएमा यथाशीघ्र श्री ५ बाट मौसूफको स्वबिबेकमा कुनै ब्यक्तिलाई यस्तो रिक्त स्थानको पूर्तिका लागि मनोनित गरिबक्सनेछ ।

[२] यस धारा अनुसार पहिलो पटक मनोनित अठार्ह जना महासभासदहरूलाई अध्यक्षले गोलाप्रथाद्वारा महासभासद मध्ये को को ६ जना ६ बर्ष, को को ६ जना ४ बर्ष, को को ६ जना २ बर्ष रहने भन्ने निर्णय गर्नेछन् र त्यसरी भएको निर्णयानुसार पहिलो पटकलाई मनोनित महासभासदको पदाबधि कायम हुनेछ ।

२२. प्रतिनिधि सभाः— [१] यस धारा अनुसार निर्धारित विभिन्न निर्वाचन क्षेत्रहरूको मतदाताहरूद्वारा निर्वाचित सदस्यहरू भएको एक प्रतिनिधि सभा हुनेछ ।

[२] प्रत्येक निर्वाचन क्षेत्रबाट गुप्त मतदानद्वारा एक सदस्य निर्वाचित हुनेछ र ऐनले अन्य ब्यवस्था नगरेसम्म १०९ निर्वाचन क्षेत्र हुने छन् ।

[३] श्री ५ बाट मौसूफको स्वविवेकमा नियुक्त एक निर्वाचन क्षेत्र बिभाजन आयोगद्वारा प्रत्येक क्षेत्रमा मतदाताहरूको संख्या हुन सकेसम्म समान हुने किसिमले निर्बाचन क्षेत्रहरू बिभाजन हुनेछन् । तथापि प्रशासकीय जिल्लाहरूको सिमाना, जनसंख्याको घनत्व वा पातलोपन, यातायातको सुविधाहरू, प्राकृतिक बनाबट, बासिन्दाहरूको सामुदायित्व वा बिभिन्नतामा ध्यान दिइनेछ ।

[४] निबास अबधि, बिशेषित दिनांक बा मतदाताको नामाबली तयारीमा प्रासंगिक अन्य मामलाहरू संबन्धी र बहुला, अपराधी, खराब आचरण वा गैर कानूनी ब्यवहारका आधारमा हुने अयोग्यता संम्बन्धी कुनै ऐनका उपबन्धहरूको अधीनमा रही नेपालका २१ वर्ष उमेर पुगेका प्रत्येक नागरिकले एकमात्र निर्बाचन क्षेत्रमा एक मत दान दिन अधिकार पाउने छ ।

[५] प्रतिनिधि सभाको निर्वाचनको लागि मतदाताको नामावली तयार गर्ने काममा र निर्वाचन कार्य संचालनमा रेखदेख, निर्देशन र नियन्त्रण समेत श्री ५ बाट मौसूफको स्वबिबेकले नियुक्त एक निर्वाचन आयोगमा निहित हुनेछ।

[६] निर्वाचन क्षेत्र बिभाजन र निर्वाचन आयोगहरुको सदस्यहरुको पारिश्रमिक श्री ५ बाट प्रधानमन्त्रीसँग परामर्श गरी ठेकी बक्सिने छ, र यस्तो पारिश्रमिक तथा निर्वाचन क्षेत्र बिभाजन र निर्वाचन आयोगको प्रशासकीय खर्च संचित कोष प्रति व्ययभार हुनेछ ।

[७] प्रतिनिधि सभाको निर्वाचनबाट उठेको वा त्यस संबन्धी बिबादहरु नेपालको प्रधान न्यायाधीशद्वारा नियुक्त निर्वाचन विशेष अदालतमा पेश भई छिनिने छन् र कानूनी प्रश्नमा सर्वोच्च अदालतमा अपील परेकोमा बाहेक विशेष अदालतबाट भएका कुनै पनि निर्णय अन्तीम हुनेछ ।

[८] यस धाराको उपबन्धहरुको अधीनमा रही प्रतिनिधिसभाको निर्वाचन र त्यस संबन्धी अन्य प्रासङ्गिक मामलाहरु ऐनद्वारा प्रशासीत हुने छन् ।

२३ दुबै सदनका सदस्यहरुको लागि योग्यता:– [१] कुनै महासभासद प्रतिनिधिसभाको निम्ति निर्वाचित हुन वा त्यस सदनमा बस्न वा त्यस सदनको सदस्यको हैसियतमा मतदान गर्ने योग्य हुने छैनन् ।

[२] देहाय बमोजिमका कुनै पनि व्यक्तिहरु संसदको कुनै पनि सदनमा मनोनित हुन वा निर्वाचित हुन वा बस्न वा मतदान दिन योग्य हुने छैनन् ।

[क] नेपालको नागरिक होइन भने वा

[ख] महासभाको लागि तीस वर्षभन्दा कम उमेरको छ र प्रतिनिधिसभाको लागि पच्चीस बर्ष भन्दा कम उमेरको छ भने वा

[ग] श्री ५ का मन्त्री, सहायक मन्त्री वा सभामुख वा उपसभामुख वा महासभाका अध्यक्ष वा उपाध्यक्ष वा श्री ५ बाट धारा १७ को उपधारा [१] को कार्यको लागि नियुक्त व्यक्ति बाहेक श्री ५ का कर्मचारी छ भने वा

[घ] लोक सेवा आयोग वा निर्बाचन आयोगको सदस्य छ भने वा

[ङ] कुनै ऐनले अयोग्य छ भने।

२४. स्थानको रिक्तताः—[१] महासभा वा प्रतिनिधिसभाको सदस्यको स्थान देहायका अवस्थामा रिक्त हुनेछ।

[क] निजको मृत्यु भएमा वा

[ख] सम्बन्धित सदनको सचिवलाई लिखित सूचना दिई आफ्नु स्थानबाट राजिनामा दिएमा वा

[ग] धारा २३ अनुसार योग्यता रहित हुन गएको छ भने वा

[घ] सम्बन्धित सदनको स्वीकृति नलिइ तीन महिनाको अबच्छिन्न अवधिसम्म सदनको बैठकमा अनुपस्थित रहेमा वा

[ङ] महासभाको सदस्यको हकमा निजको पदावधि अन्त भएमा र प्रतिनिधिसभाको सदस्यको हकमा प्रतिनिधि सभाको विघटन भएमा वा महासभाको लागि निजको मनोनयन वा निर्बाचन भएमा।

[२] प्रतिनिधि सभाको विघटन बाहेक अरु कारणले प्रतिनिधि सभामा स्थान रिक्त हुन आयो भने त्यसरी रिक्त भएको सूचना त्यस सदनको सचिवले निर्वाचन आयोगलाई पठाउने छ र निर्वाचन आयोगले रिक्त स्थानको पूर्तिको लागि यथाशीघ्र उप निर्वाचन गर्नेछ।

२५. अनाधिकार उपस्थिति वा मतदानको दण्डः— धारा २१ को आवश्यकता पालन गर्नु भन्दा अगावै अथवा सदनको सदस्यताको निमित्त चाहिने योग्यताको अभाव छ भन्ने थाह पाउँदा पाउँदै पनि कुनै व्यक्ति संसदको कुनै सदनको सदस्यको हैसियतमा उपस्थित हुन्छ वा मतदान गर्छ भने त्यसरी उपस्थित भएको वा मतदान दिएको हरएक दिनको पांचसय रुपैयांको दरले दण्ड लाग्नेछ र सो दण्ड सरकारी ऋण सरह असूल उपर गरी लिइनेछ।

# परिच्छेद--२

## संसदको बैठक

२६. संसदको आव्हान र अवधिः— [१] यो संविधानको घोषणा पछि र तोकिएको दिन अघि श्री ५ बाट संसद यथासाध्य चाँडो आव्हान गरिबक्सने छ र त्यसपछि एउटा प्रतिनिधि सभाको बिघटन अर्को प्रतिनिधि सभाको बैठकको बीचको अबधि चार महिना भन्दा बढता ब्यतित भएको हुनुहुँदैन।

[२] तोकिएको दिन पछि श्री ५ बाट संसद आव्हान तथा विघटन गर्न सकिबक्सनेछ।

तर—

[क] श्री ५ बाट मन्त्रिमण्डलले प्रतिनिधि सभालाई बिघटन गर्न चढाएको सिफारिश मौसूफको बिचारमा बिघटन गर्न पाउने अधिकारको दुरुपयोग गरेको लागेमा मौसूफको स्वबिबेकमा त्यस्तो सिफारिस अस्वीकार गर्न सकिबक्सनेछ।

[ख] मन्त्रिमण्डलले सिफारिस प्रस्तुत नगरेबाट यो संबिधानको उपबन्ध भङ्ग हुने संभाबना देखिबक्सेमा मंत्रिमण्डलको सिफारिश नभएता पनि श्री ५ बाट मौसूफको स्वबिबेकमा संसदलाई आव्हान गर्न सकिबक्सनेछ।

[३] अगावै बिघटन नभएमा प्रतिनिधि सभाको पहिलो बैठक बस्ने निर्दिष्ट मितिदेखि पाँच बर्षसम्म मात्र सो प्रतिनिधि सभा कायम रहनेछ र सो अबधि खतम भएपछि त्यो प्रतिनिसभा स्वतः बिघटित हुनेछ।

२७. संसदको अधिबेशन तथा बैठकः— [१] श्री ५ बाट समय समयमा अधिबेशन समाप्ति आदेशद्वारा संसदको अधिबेशनको अन्त्य गर्न सकिबक्सनेछ तर एक अधिबेशनको अन्त्य अर्को अधिबेशनको प्रारम्भको अबधिमा ६ महिना भन्दा बढी अन्तर हुन हुँदैन।

[२] स्थायी नियमाबलीमा व्यक्त भएका कुराको अधिनमा रही दुबै सदन समय समयमा प्रस्ताव द्वारा अधिबेशन अवधि भित्र नै स्थगित हुन सक्तछ दुबै सदनको कुनै दिनको कार्यारम्भ देखि कार्य स्थगनसम्मको अन्तरावधिलाई यस संविधानमा बैठक भनी उल्लेख गरिएकोछ ।

[३] यो धारामा जेसुकै लेखिएको भएतापनि संसदीय अधिबेशन चालु नभएको बखत अथवा कुनै सदन स्थागित भएको बखत संसद बा कुनै सदनको बैठक शीघ्रतर बोलाउन वाच्छनीय छ भन्ने श्री ५ का रायमा लागेमा मौसूफ-बाट घोषणाद्वारा यस्तो बैठक बस्ने मिति तोक्न सकिबक्सनेछ, र तोकिबक्से बमोजिम संसद बा कुनै सदनको बैठक बस्नेछ ।

# परिच्छेद — ३

## सभापतित्व गर्ने अधिकारीहरू

२८. महासभाका अध्यक्ष र उपाध्यक्ष:— [१] महासभाले यथाशीघ्र दुइ महासभासद लाई क्रमशः अध्यक्ष र उपाध्यक्षको लागि चुन्नेछ, र अध्यक्ष बा उपाध्यक्षको पद रिक्त भएमा सो पछि यथाशीघ्र रिक्तस्थानको पूर्ति गर्न महा-सभाले महासभासद मध्येबाट चुन्नेछ ।

२ महासभाको अध्यक्ष र उपाध्यक्ष—

[क] महासभासद नरहेमा निज सो पदमा कायम रहने छैन र

[ख] महासभालाई सूचना दिएर जुनसुकै बखत आफ्नु पदबाट राजिनामा दिनसक्नेछ ।

[३] अध्यक्षले वा उनका अनुपस्थितिमा उपाध्यक्षले वा दुवैको अनुपस्थितिमा स्थायी नियमावलीमा त्यस्ता अवस्थाका लागि भएका व्यवस्थाको अधीनमा रही त्यस बैठकको निमित्त महासभाले चुनेको महासभासदले त्यस बैठकको अध्यक्षता गर्नेछ ।

२९. प्रतिनिधि सभाको सभामुख र उपसभामुखः— [१] आमनिर्वाचन पछि यथाशीघ्र प्रतिनिधि सभाको सभामुख वा उपसभामुख हुने दुइ व्यक्ति प्रतिनिधि सभाले क्रमशः चुन्नेछ, र त्यसपछि सभामुख वा उपसभामुखको स्थान रिक्त हुन आएमा प्रतिनिधिसभाले सो पछि यथाशीघ्र रिक्तस्थानको पूर्तिका लागि चुनाउ गर्नेछ।

[२] प्रतिनिधिसभाको सदस्य सभामुखको पदमा चुनियो भने सदस्यका रुपमा निजको स्थान रिक्त हुनेछ तर त्यस हालतमा सभामुखको पदबाट वाञ्छित हुनेछैन।

[३] प्रतिनिधि सभाको विघटन हुने अगावै पदासीन सभामुखको मृत्यु भएमा वा राजिनामा दी छाडेमा बाहेक नव संसदको पहिलो बैठक नबसेसम्म निज आफ्नो पदबाट हट्नेछैन; विघटन भएको समयमा सभामुखको मृत्यु भयो भने वा आफ्नु पदबाट राजिनामा दियो भने विघटनको अगाडि उपसभामुख भई काम गरेको व्यक्तिले वा निजको पनि मृत्यु भएमा वा राजिनामा दिई छाडेमा श्री ५ बाट नियुक्त गरिबक्सेको व्यक्तिले सभामुखको कार्यभार सम्हाल्नेछ।

[४] प्रतिनिधि सभाको सदस्यहरू मध्येबाट उपसभामुख चुनिनेछ र त्यस सदनको सदस्यबाट मुक्त हुनुपर्‍यो भने निज उपसभामुखको पदबाट पनि हट्नु पर्नेछ।

[५] सभामुख वा उपसभामुखले प्रतिनिधि सभालाई लिखित सूचना दिएर वा विघटन भएको समयमा भए श्री ५ मा समावेदन पेस गरी राजिनामा दिन सक्नेछ।

[६] सभामुख वा निजको अनुपस्थितिमा उपसभामुखले अथवा निजहरूको अनुपस्थितिमा स्थायी नियमावलीमा त्यस्ता अवस्थाको लागि गरेका व्यवस्थाको अधीनमा रही प्रतिनिधिसभाले त्यस बैठकको निमित्त चुनेको सदस्यले त्यस बैठकको अध्यक्षता गर्नेछ।

३०. पारिश्रमिकः— ऐनले तोके बमोजिम वा यसरी न तोकिएसम्म श्री ५ बाट तोकिबक्से बमोजिमको पारिश्रमिक महासभाका अध्यक्ष उपाध्यक्ष महासभा सद्लाई र प्रतिनिधिसभाका सभामुख उपसभामुख सदस्यलाई दिइनेछ ।

# परिच्छेद– ४

## कार्य सञ्चालन

३१. सपथः— संसदका दुवै सदनको प्रत्येक सदस्यले र यसको कार्यवाहीमा भागलिन पाउने प्रत्येक व्यक्तिले श्री ५ बाट निर्धारित गरिबक्सेको रूपमा अध्यक्ष वा सभामुखको संमुख, यथास्थिति आसन ग्रहण गर्नुभन्दा पहिले निष्ठा सपथग्रहण गरी हस्ताक्षर गर्नुपर्नेछ ।

तर– अध्यक्ष वा सभामुखको चुनाब हुनु अगाडि सम्बन्धित सदनको सचिवको संमुख सपथग्रहण र हस्ताक्षर गर्नेछ ।

३२. शाही संबोधन तथा सन्देशः— [१] श्री ५ बाट मौसूफको स्वविबेकमा संसदको कुनै सदनमा वा एकसाथ दुवै सदनको संयुक्त वैठकमा संबोधन गर्न सकिबक्सनेछ र यस प्रयोजनका लागि सदस्यहरूको उपस्थिति समादेश गर्न सकिबक्सनेछ ।

[२] श्री ५ बाट संसदको कुनै सदनलाई सन्देश पठाउन सकिबक्सनेछ, जुन सदनलाई त्यस्तो सन्देश पठाई बक्सेकोछ त्यस सदनले सन्देशमा तोकिएका कुराको विचार विमर्श यथाशीघ्र गर्नुपर्नेछ ।

३३ मन्त्रीले उभय सदनमा अभिभाषण गर्न पाउनेः— श्री ५ को मन्त्रीले वा धारा १४ को उपधारा [३] बमोजिम यस्तो मन्त्रीको कार्यभार लिने व्यक्तिले उभय सदनमा अभिभाषण गर्न अथवा कुनै सदनको कार्यवाहीमा वा त्यसको जुनसुकै समितिमा भाग लिन पाउँछ तर त्यस सदनको सदस्य नभएसम्म त्यहाँ मतदान गर्न पाउँदैन ।

३४. बहसमा बन्देज:– [१] श्री ५ र मौसूफका उत्तराधिकारीहरूको आचरणलाई लिएर संसद्को कुनै सदनमा बहस गर्न पाइने छैन। तर यस उपधारामा भएको कुनै कुराले पनि श्री ५ को सरकारको आलोचना गर्न बाधा पुर्‍याएको मानिने छैन।

[२] प्रधान न्यायाधीश लगायत सर्वोच्च अदालतका कुनै न्यायाधीशले आफ्नु कर्तव्य पालनका लागि गरेको सर्वोच्च अदालतको कार्यसंचालनलाई लिएर संसद्को कुनै सदनमा बहस गर्न पाइने छैन।

३५. मतदान:– यो संविधानमा अन्य व्यवस्था गरिएकोमा बाहेक संसद्को कुनै सदनमा निर्णयको लागि प्रस्तावित भएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यको मतदानको बहुमतबाट हुनेछ, सभापतित्व गर्ने व्यक्तिलाई साधारणतया: मतदिने अधिकार हुने छैन तर मत बराबर भएको खण्डमा सभापतित्व गर्नेले एक निर्णायक मत दिनेछ।

३६. रिक्तावस्थामा संसद्को दुबै सदनको कार्य संचालन अधिकार:– संसद्को कुनै सदनको कुनै सदस्यता रिक्त छ भने पनि आफ्नो सदनको कार्य चालू राख्ने अधिकार प्रत्येक सदनलाई हुने छ र त्यस्तो अवस्थामा वा सदनमा बस्न वा मत दिन वा कार्यबाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले सो गरेको हो भन्ने कुरा पछि पत्ता लाग्यो भने पनि त्यहां भएको जुनसुकै कार्य मान्य हुनेछ।

३७ गण पुरक – संसद्को कुनै सदनको बैठक भएको जुनसुकै समयमा महासभाको बैठकको लागि दस भन्दा कम महासभासद् उपस्थित भएको वा प्रतिनिधि सभाको बैठकको लागि पच्चिस भन्दा कम प्रतिनिधि सभाका सदस्य उपस्थित भएको तथ्य प्रति सभापतित्व गर्ने व्यक्तिको ध्यान आकर्षित गरियो भने सभापतित्व गर्ने व्यक्तिले महासभाको वा प्रतिनिधि सभाको स्थायी नियमाबलीको अधिनमा रही गणपूरक संख्या नपुगेसम्म बैठकको कार्य निलम्बन गर्न वा अर्को बैठक बस्ने दिनसम्म बैठक स्थगित गर्न विना प्रश्नले सक्नेछ।

३८. संसदको विशेषाधिकार— [१] संसदको कुनै सदनको कार्यवाहीको मान्यता प्रति कार्य विधिको आरोपित अनियमितताको आधारमा कुनै अदालतमा प्रश्न उठाइने छैन ।

[२] कुनै पदाधिकारी वा महासभासद वा प्रतिनिधि सभाको सदस्यले कुनै सदनमा कार्यविधि नियमित गराउन वा कार्य संचालन गर्न वा व्यवस्था कायम राख्न पाएको अधिकार प्रयोग गरेको विषयलाई लिएर कुनै अदालतमा कारबाई चल्ने छैन ।

[३] महासभामा वा प्रतिनिधि सभामा वा त्यहांको कुनै समितिमा बोलेको कुनै कुरा अथवा दिएको कुनै मतको विषयलाई लिएर कुनै महासभासद वा प्रतिनिधि सभाको सदस्य उपर कुनै अदालतमा कारवाई चल्ने छैन ।

[४] संसदको कुनै सदनको अधिकारले वा संसदको कुनै सदनले दिएको अधिकार अन्तरगत कुनै रिपोर्ट वा अन्य कागजपत्र वा मतदान वा कार्यवाही प्रकाश गरेको विषयलाई लिएर कुनै व्यक्ति उपर कुनै अदालतमा कारवाइ चल्ने छैन ।

[५] यस धाराको अधिनमा रही संसदको कुनै सदनको वा समिति— हरूको तथा त्यहाँका सदस्यहरूको विशेषाधिकार ऐनबाट निर्धारित हुनेछ ।

३९. नियमावली:- [१] यो संविधानमा भएका कुराहरूको अधिनमा रही आफ्ना कार्यविधि, कार्य संचालन तथा आफ्नो समितिको कार्यविधि, कार्य संचालन र आफ्ना वैठक बसेको बखत सुव्यवस्था कायम राख्न तथा आफ्ना कार्यको उपयुक्त संचालनको निमित्त चाहिने अरू कुनै कुरा नियमित गर्नको लागि संसदको प्रत्येक सदनले स्थायी नियमावली वा अधिवेशन नियमावली बनाउन सक्नेछ ।

(२) उपधारा (१) बमोजिम स्थायी नियमावली जारी नभएसम्म उक्त उपधारामा उल्लिखित कुराहरू यो संविधानमा भएका कुराहरूको अधिनमा रही श्री ५ बाट जारी गरिबक्सेको नियमावली अनुसार नियमित हुनेछ ।

[३] यो धारामा " स्थायी नियमाबली " भन्नाले अधिबेशन अधिबेशनमा बा संसद् संसदमा चालू रही आबश्यकतानुसार संशोधन हुन सक्ने नियमाबलीलाई र " अधिबेशन नियमाबली " भन्नाले अधिबेशनको अबधिमा बनी त्यसै अधिबेशनमा मात्र चालू रहने नियमाबलीलाई जनाउँछ।

# परिच्छेद-- ५

## ब्यवस्थापिका कार्यप्रणाली

४० विधेयक प्रस्तुत बिधिः [१] आर्थिक विधेयक बाहेक अरु जुनसुकै विधेयक संसदको कुनै सदनमा प्रस्तुत हुन सक्नेछ; तर आर्थिक विधेयक भने प्रतिनिधि सभामा मात्र प्रस्तुत हुनेछ।

(२) यो संविधानमा " आर्थिक विधेयक " भन्नाले निम्नलिखित सबै बा कुनै विषयसित मात्र सम्बन्ध राख्ने ब्यबस्था भएका सरकारी विधेयक सम्झनु पर्छ।

[क] करको आरोपण, खारेजी, माफी, परिवर्तन, बा कर ब्यबस्थालाई नियमित गर्नु।

[ख] संचित कोष बा कुनै सरकारी कोष बा संसदले व्यबस्था गरी दिएको धनबाट खर्च हुने रकम निर्धारण गर्नु र त्यसरी निर्धारण भएकोरकममा परिबर्तन बा खारेज गर्नु।

(ग) श्री ५ को सरकारको निमित्त बा कुनै अधिकारी बा व्यक्तिको लागि धन प्रदान गर्नु बा त्यसरी प्रदान गरिएको अङ्क परिबर्तन गर्नु बा प्रतिसंहरण गर्नु।

[घ] सरकारी कोष तोकिएको काममा लगाउने बा प्राप्त गर्ने बा जिम्मा राख्ने बा लगान गर्ने बा त्यसको हिसाब किताप जाच्ने।

(ङ) कुनै ऋण प्राप्त गर्नु वा त्यस्तो ऋणको जमानत दिनु वा चुक्ता गर्नु वा यस्ता ऋणको सम्बन्धमा व्यवस्थापित ऋण निवारण कोषको स्थापन गर्नु वा परिबर्तन गर्नु वा प्रशासन व्यवस्थागर्नु वा अन्त गर्नु।

[च] उपरोक्त विषयहरूसंग प्रासंगिक कुनै अन्तर्गत विषय।

[३] उपधारा [२] मा लेखिएको विषयमा व्यवस्था गर्ने विधेयक वा संशोधन वा ऐन बनाइ लागु गरिएमा संचित कोष वा सरकारी कोष वा राजस्वबाट खर्च गराउने विधेयक वा संशोधन श्री ५ को सिफारिश विना संसदको सदनहरुमा प्रस्तुत गरिने छैन।

४१. <u>विधेयक पास विधि</u>— [१] संसदको एउटा सदनले पास गरेको विधेयक अर्को सदनमा अविलम्ब पठाइनेछ र अर्को सदनमा पनि पास भयो भने सो विधेयक श्री ५ को स्वीकृतिका लागि पेश गरिनेछ।

[२] प्रतिनिधि सभाले पास गरेको आर्थिक विधेयक अधिवेशन अन्त हुने कमसेकम एक महीना अगावै महासभामा पठाइएको छ र एक महीनाभित्र महासभाले त्यस विधेयकलाई पास गरेन भने महासभामा पास नभइकनपनि विधेयक श्री ५ को स्वीकृतिको लागि पेशगर्न सकिने छ।

[३] आर्थिक विधेयक वा यो संविधानलाई संशोधन गर्ने विधेयक बाहेक अरू कुनै विधेयक प्रतिनिधि सभाले पास गरेको छ र अधिवेशन अन्त्य हुने कमसेकम एक महीना अगावै महासभामा पठाइएको छ र

[क] त्यो विधेयक त्यस अधिवेशनमा महासभाले पास गरेन भने र

[ख] प्रतिनिधि सभाले अर्को अधिवेशनमा त्यस विधेयकलाई फेरि पास गरी सो अधिवेशनको अन्त्य हुने कमसेकम एक महीना अगावै महासभामा पठाई सकेको छ भने र

[ग] महासभाले त्यो विधेयक एक महीनाभित्र पास गरेको छैन भने, महासभामा पास नभइकन पनि सो विधेयक श्री ५ को स्वीकृतिको लागि पेश गर्न सकिने छ।

[३] ऐनले दिएको अधिकार बाहेक संचित कोष वा अरू कुनै सरकारी कोष वा संसदद्वारा व्यवस्थित धन धितो राखि कुनै कर्जा लिन हुँदैन ।

[४] यस भागको कुनै कुरा श्री ५ को निजी राजस्व वा यस्तो राजस्व बाट हुने व्ययमा लागू हुनेछैन।

४५. संचित कोषः— [१] श्री ५ को निजी राजस्व र स्थानीय कर बाहेक श्री ५ को सरकारलाई प्राप्त हुने अरू सबै प्रकारका राजस्व तथा करबाट हुने आम्दानी राजस्वको धितोमा लिइएको सबै कर्जाहरू र ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असूल हुँदा प्राप्त हुने सबै धन संसदले अर्को कुनै व्यवस्था नगरेसम्म एउटा सरकारी कोषमा आम्दानी बांधिइने छ र यसलाई संचित कोष भनिने छ।

[२] निम्नलिखित विषयसंग सम्बन्ध भएका कुरा संचित कोष माथि व्यय भार हुनेछ र यस्तो व्ययको लागि संसद्को बार्षिक स्वीकृतिको जरुरत पर्नेछैन ।

[क] श्री ५ तथा राजपरिवारमा हुने व्यय

[ख] निम्नलिखित व्यक्तिलाई दिइने पारिश्रमिक—

[१] प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका अन्य न्यायाधीशहरू

[२] निर्बाचन क्षेत्र बिभाजन तथा निर्बाचन आयोगका सदस्यहरू

[३] लोकसेबा आयोगका सदस्यहरू र

[४] महालेखा परीक्षक

[ग] राजदरबार, सर्वोच्च अदालत, निर्बाचन क्षेत्र विभाजन तथा निर्बाचन आयोग, लोकसेबा आयोग र महालेखा परीक्षक विभागका कर्मचारी लाई दिइने पारिश्रमिक लगायत प्रशासन व्ययहरू ।

[घ] ब्याज र ऋण निबारण कोषबाट हुने व्यय, पूँजीको चुक्ता वा

निष्क्रामण र ऋण प्राप्त गर्दाको अरू व्यय संचित कोषको धितोमा काढेको ऋणको बिमोचन र यस सम्बन्धी काममा लाग्ने खर्च समेत श्री ५ को सरकारले दिनुपर्ने सबै व्यय,

[ङ] श्री ५ को सरकारको विरुद्ध अदालत वा विशेष अदालत [अदालतको अधिकार प्राप्त कुनै अड्डा] बाट भएको फैसला वा डिग्री अनुसार तिर्नु पर्ने रकम,

(च) यो संविधान वा ऐनले संचित कोषबाट खर्च गर्ने भनी निर्धो गरेको रकम।

४६. राजस्व र व्ययको अनुमानः— [१] श्री ५ बाट प्रत्येक आर्थिक बर्षमा प्रतिनिधि सभाको संमुख देहाय बमोजिमका कुरा खुलाई आर्थिक विवरण पेश गराइबक्सनेछ ।

(क) गत आर्थिक बर्षको उपलब्ध श्रोतबाट राजस्वको अनुमान,
(ख) कर सम्बन्धी कानूनमा प्रस्तावित परिवर्तनको प्रभाव,
(ग) संचित कोष प्रति व्ययभार भएको चाहिंदो रकमहरू,
(घ) संसद्को मतदानले व्यय हुने चाहिंदो रकमहरू
(ङ) ऋणको रूपमा व्यवस्था गरिएको रकमहरू ।

(२) संसद्को मतदानले व्यय हुने चाहिंदो रकम शिर्षक र उपशिर्षकहरूमा निर्दिष्ट गरिनेछ र शिर्षकानुसार ती रकमलाई विनियोजन गरी विनियोजन विधेयकमा ती शिर्षकहरू गाभी श्री ५ को सरकारलाई उक्त रकमहरू दिने भनी मतदान गर्नेछ । विधेयकमा निर्दिष्ट गरिएका शर्त बमोजिम विनियोजन विधेयकले एक शिर्षकबाट अर्को शिर्षकमा सार्न हुने अधिकार दिन सक्नेछ ।

४७. पूरक र बढीको निमित्त मतदानः—कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा श्री ५ बाट शिर्षक र उपशिर्षकमा निर्दिष्ट भएको पूरक अनुमान प्रतिनिधि सभाको संमुख राख्न लगाइबक्सनेछ र ती शिर्षकहरू पूरक विनियोजन विधेयकमा गाभिनेछ।

(क) चालू आर्थिक बर्षको निमित्त कुनै सेवाको लागि खर्च गर्न अधिकार दिइएको रकम अपर्याप्त भयो भने वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा व्यय गर्नु पर्ने जरूरत पर्‍यो भने वा

[ख] त्यस आर्थिक वर्षमा कुनै सेवाको निमित्त मतदानद्वारा स्वीकृत भएको रकमभन्दा अधिक मात्रामा धन खर्च भएकोछ भने।

४८. पेस्की अनुदानः—[१] यस परिच्छेदमा यस अघि जेसुकै लेखिएको भएतापनि विनियोजन बधेयक विचाराधीन रहेको अवस्थामा आगामी आर्थिक वर्षको अंशको अनुमान गरिएको व्ययको निमित्त अगावै पेस्कीको रुपमा रकम दिन मतदान गर्ने संसदको अधिकार हुनेछ।

[२] धारा ४६ मा गरिएका व्यवस्था अनुसार राजस्व व्ययको अनुमान उपस्थित नगरिएसम्म पेस्की अनुदान प्रतिनिधिसभामा प्रस्तुत गरिने छैन र—

[क] आगामी आर्थिक वर्षको पहिलो चार महीनाको निमित्त अनुमान गरिएको व्ययभन्दा पेस्की अनुदानको रकम अधिक हुनेछैन।

[ख] पेस्की अनुदान, पेस्की—अनुदान—विधेयकमा गाभिने छ र पृथक रकमहरू विनियोजन विधेयकमा पृथक पृथक शिर्षकमा विनियोजित हुनेछ।

(ग) पेस्की अनुदान विधेयकमा श्री ५ को स्वीकृति प्राप्त नभएसम्म पेस्की अनुदानबाट कुनै व्यय गरिने छैन।

४९. उधारो अनुदानः— यस परिच्छेदमा यस अघि जे लेखिएको भएतापनि प्राकृतिक कारण वा बाह्य आक्रमणको धम्की वा आन्तरिक विघ्न वा अरू कुनै कारणले गर्दा राष्ट्रव्यापी वा स्थानीय संकटावस्था भएमा धारा ४६ अन्तर्गत चाहिने विवरण निर्दिष्ट गर्न अव्यवहारिक र राज्यको सुरक्षा वा हितको दृष्टिले अवाञ्छनीय छ भन्ने कुरामा श्री ५ संतुष्ट होइबक्सेमा त्यस परिस्थितिमा व्ययको श्री ५ बाट वाञ्छनीय ठहराइबक्सेको विवरण मात्र भएको उधारो अनुदान विधेयक श्री ५ बाट प्रतिनिधि सभाको सम्मुख राख्न लगाइबक्सनेछ।

५०. आकस्मिक कोषः— ऐनद्वारा आकस्मिक कोषका नामले एउटा कोष स्थापना गर्न सकिनेछ र उक्त कोषमा समय समयमा ऐनले निधो गरे अनुसार रकम जम्मा गरिने छ। यो कोष श्री ५ को सरकारको नियन्त्रणमा रहने छ र श्री ५ बाट स्वीकृति बक्से बमोजिम सो कोषबाट आकस्मिक खर्चका लागि व्यय गरिने छ। यथासक्य चांडो यस्तो व्ययको रकम पुरक अनुदानको रूपमा सोध भर्नाको लागि संसदमा पेश गरिने छ।

# परिच्छेद– ७

## व्यवस्थापिका अधिकार

५१. सामान्य व्यवस्थापन अधिकारः— यस संविधानमा भएको व्यवस्थाहरूको अधिनमा रही नेपालको शान्ति सुरक्षा र सुशासनको लागि कानून बनाउने अधिकार संसदलाई हुनेछ।

५२. अध्यादेशः— [१] संसदको दुवै सदनको अधिवेशन नभएका अवतमा तत्काल केही गर्न आवश्यक परिस्थिति आएको छ भन्ने कुरामा श्री ५ संतुष्ट होइबक्सेमा यस संविधानको उपबन्धको प्रतिकूल नहुने गरी मौसूफबाट परिस्थिति अनुसार आवश्यक सम्झी बक्सेको अध्यादेश जारी गर्न सकिबक्सनेछ।

[२] उपधारा [१] अनुसार जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ।

तर यस्तो प्रत्येक अध्यादेश–

[क] अध्यादेश जारी भएपछि बसेको संसद्को दुवै सदनमा पेश गरिनेछ र संसद्को दुवै सदनले अस्वीकार गर्ने प्रस्ताव पास गरेमा खारेज हुनेछ ।

[ख] श्री ५ बाट जुनसुकै समयमा खारेज हुन सक्नेछ ।

[ग] खण्ड [क] वा [ख] बमोजिम खारेज नभएमा संसद्को बैठक बसेको ४५ दिनपछि स्वतः निस्क्रय हुनेछ ।

स्पष्टीकरण– संसद्को विभिन्न सदन अघि पछि गरी बसेकोछ भने यस उपधाराको तात्पर्यको लागि जुन सदन पछि बसेको छ सो सदनको बैठक बसेको मितिले संसद्को बैठक बसेको समयको गणना हुनेछ।

५ ३ संविधान संशोधनः– [१] संसद्को दुवै सदनबाट पास भएको विधेयकमा श्री ५ बाट स्वीकृति बक्सि लालमोहर लागेपछि त्यसद्वारा संसद्ले यस संविधानको कुनै पनि कुरालाई संशोधन वा खारेज गर्न सक्तछ ।

तर–

[क] संविधानमा संशोधन गर्ने विधेयकको नाम संविधान संशोधन विधेयक भनिनेछ र संविधान संशोधन सम्बन्धी बाहेक अन्य कुनै कुरा त्यसमा रहनेछैन ।

[ख] प्रतिनिधि सभा तथा महासभाको बेग्ला बेग्लै बैठकमा विधेयकको अन्तिम पठन हुँदा उक्त सदनहरूका सबै सदस्य संख्याको कमसेकम दुइ तिहाई सदस्यहरूको समर्थन प्राप्त भएन भने त्यो विधेयक उक्त सभाहरूमा पास भएको मानिने छैन ।

[ग] श्री ५ को स्वीकृतिको लागि पेश हुँदा त्यो विधेयकमा अध्यक्ष तथा सभामुखद्वारा यो उपधाराको उपबन्धहरू पालना गरिएको व्यहोराको प्रमाणपत्र स्वहस्ताङ्कित भएको हुनेछ ।

[घ] स्वीकृति बक्सने या नबक्सने निधो श्री ५ बाट मौसूफको स्वबिबेकमा गरिबक्सनेछ ।

[२] उपधारा (१) अन्तर्गत अध्यक्ष तथा सभामुखको प्रत्येक स्वहस्त प्रमाणित लिखतपत्र सबै उद्देश्यको निमित्त अन्तिम हुनेछ र यस उपर कुनै अदालतमा प्रश्न उठाइने छैन ।

५४. बाझिएका ऐन कानून अवैध गराउने उपायः— प्राप्य अन्य कुनै उपायमा बिरोध नहुने गरी यस संविधानसंग बाझिएकोले कुनै ऐन बा अन्य कानूनको सबै बा केहि कुरा बाझिएकोछ भनी आरोप लगाउने व्यक्ति देहायको कुराको लागि सर्वोच्च अदालतमा जान सक्नेछ ।

[क] उक्त बाझिएका कानूनका बाझिएजति कुराहरू अवैध भनी सर्वोच्च अदालतबाट घोषित होस भनी, र

[ख] सर्वोच्च अदालतबाट उचित ठहराएको प्रासंगिक तथा परक निवारणका लागि आदेश होस भनी ।

५५. संकट कालिन अधिकारः— [१] श्री ५ को स्वबिबेकमा कुनै गम्भीर संकट विद्यमान भई जसबाट नेपालको सम्पूर्ण बा कुनै भागको सुरक्षा बा आर्थिक जीवन युद्धले बा बाहीरी आक्रमणले बा आन्तरिक उपद्रवले संतप्त छ भन्ने लागेको छ भने मौसूफबाट मौसूफकै स्वबिबेकमा देहाय बमोजिम गर्ने गरी घोषणा गर्न सकिबक्सने छ र यस संविधानको उपबन्धको प्रचलनलाई पूर्ण बा आंशिक मात्रामा निलम्बन गर्ने व्यबस्थाहरू लगायत घोषणाको उद्देश्य कार्यान्बित गर्नको लागि मौसूफबाट आबश्यक बा बाञ्छनीय सम्झी बक्सेको प्रासंगिक र आनुषंगिक व्यबस्थाहरू यस्तो जुनसुकै घोषणामा रहन सक्नेछन् ।

[क] घोषणामा तोकिएसम्म मौसूफको कार्यहरू मौसूफबाट स्वबिबेकमा गरिबक्सने गरी

[ख] संसद बा अन्य कुनै सरकारी निकाय बा अधिकारीमा निहित बा ती द्वारा प्रयोग हुने सबै बा कुनै अधिकार मौसूफले नै ग्रहण गरिबक्सने गरी

तर– यस उपधाराको कुनै कुराले पनि मौसूफबाट सर्वोच्च अदालतमा निहित वा त्यसद्वारा प्रयोग हुने कुनै पनि अधिकार ग्रहण वा यस संबिधानको भाग ६ मा गरिएको व्यवस्थाहरू पूर्ण वा आंशिक मात्रामा निलम्बन गरिबक्सने छैन।

[२] यस्तो कुनै घोषणा अर्को घोषणाद्वारा खारीज वा परिबर्तित हुन सक्ने छ।

[३] पहिलो घोषणालाई खारेज गर्ने घोषणा बाहेक यस धारा अन्तर्गत भएको अन्य घोषणा बाह्र महीनाको अबधी नाघेपछि निष्क्रय हुनेछ परन्तु पुनः अर्को घोषणाद्वारा नविकरण हुन सक्तछ र गम्भीर संकटकालिन परिस्थिति अब बिद्यमान छैन भनि श्री ५ संतुष्ट होइ नबक्सेसम्म एवं रित चली रहनेछ।

[४] श्री ५ बाट यस धारा अन्तर्गत अधिकार ग्रहणगरी बनाई बक्सेको कुनै पनि कानून ऐनद्वारा अगावै खारेज वा पुनः व्यवस्थित नभएमा यस धारा अन्तर्गतको घोषणा लागू हुन छोडेको ६ महिना बिते पछि निष्क्रय हुनेछ।

[५] श्री ५ बाट यस धारा अन्तर्गत अधिकार प्रयोग गरी बक्संदा यथा साध्य राष्ट्रिय परिषदसंग परामर्श गरी कार्य गरी बक्सनेछ।

५६ संबैधानिक यन्त्र विफल भएमा संकटकालिन अधिकारहरू— [१] यस संविधान द्वारा आयोजित संसदिय शासन पद्धति भङ्ग भएको छ र धारा १७ द्वारा प्रदत्त अधिकारहरू त्यस परिस्थितिमा अपर्याप्त छ भन्ने कुरा राष्ट्रिय परिषद संग परामर्श गरी बक्से पछि श्री ५ को स्वविबेकमा लागेमा मौसूफबाट घोषणा द्वारा मौसूफको स्वविबेकमा यस संविधानको भाग ३, ४ र ५ को कुनै पनि उपबन्ध निलम्बन गर्न र नेपाल अधिराज्यको शासनको लागि मौसूफको स्वविबेकमा आवश्यक ठहरिएका अस्थायी व्यवस्था गर्न सकिबक्सने छ।

तर—

[क] मौसूफको स्वविबेकमा संसदको एउटा मात्र वा दुबै सदनलाई निलम्बन गर्न आवश्यकछ भन्ने नलागेसम्म त्यस्तो गरिबक्सने छैन।

[ख] मौसूफबाट संसद्को एउटा सदन निलम्बन गर्नुपर्ने आवश्यक सम्झी बक्सेमा यो धारामा व्यक्त कुराहरूको अधिनमा रही श्री ५ र निलम्बन नभएको सदनको संसद्द्वारा कानूनहरू बनाइने छन्।

[ग] धारा ५३ ले व्यवस्था गरेको किसिम र ढांचामा बाहेक श्री ५ बाट यस धारा अन्तर्गत यो संविधानलाई स्थायी तवरले संशोधन गरिबक्सने छैन।

[२] उपधारा (१) अन्तर्गत जुनसुकै घोषणा पनि पछि हुने घोषणाद्वारा खारेज बा परिवर्तित हुन सक्नेछ!

(३) पहिलो घोषणालाई खारेज गर्ने घोषणा बाहेक यस धारा अन्तर्गत भएको अन्य घोषणा बान्ह महीनाको अबधि नाघेपछि निस्क्रय हुनेछ तर पुनः अर्को घोषणाद्वारा नविकरण हुनसक्तछ र श्री ५ को स्वविबेकमा यस संविधान द्वारा आयोजित संसदीय शासन पद्धति पूर्णतया पुनस्थापित हुन सक्तछ भन्ने कुरामा सन्तुष्ट होइनबक्सेसम्म यस्तै क्रमले चलिरहनेछ।

तर— श्री ५ को स्वविबेकमा निम्नलिखित अबस्था छ भन्ने सन्तुष्ट भै नबक्सेसम्म यस धारा अन्तर्गत कुनै घोषणा पुनः नविकरण हुन सक्ने छैन।

(क) संसदीय शासन पद्धति यस्तो प्रकारले भंग भएको छ कि आम निर्वाचन गराउन अव्यवहारिक हुन जान्छ भने बा

[ख] आम निर्बाचन भरखरै भएको छ तर यस संविधानद्वारा आयोजित तरिकाबाट संशदीय शाशन पद्धति अनुसार काम चल्न सक्तैन भन्ने।

(४) यस संबिधानलाइ संशोधन गर्ने बाहेक यस धारा अन्तर्गत जारी भएको घोषणा मुताविक बनाइएकोकुनै पनि कानून, ऐनद्वारा अगावै खारेज बा पुनः व्यवस्थित नभएमा यस धारा अन्तर्गतको घोषणा लागू

हुन छाडेको ६ महिना बितेपछि निस्क्रय हुनेछ, र यो संविधानलाइ संशोधन गर्ने कानून चाहिं यस धारा अन्तर्गत जारी भएकोघोषणा लागू हुन छाडे पछ निस्क्रय हुनेछ।

# भाग-६

## न्यायपालिका

५७. सर्वोच्च अदालतका न्यायाधीशहरू :– [१] प्रधान मन्त्रीसंग परामर्श गरी तथा उपयुक्त सम्झी बक्सेको सर्वोच्च अदालतका न्यायाधीशको राय समेत बुझी श्री ५ बाट मौसूफको स्वबिबेकमा नेपालको प्रधान न्यायाधीश नियुक्त गरि–बक्सनेछ।

[२] सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्ति प्रधान न्या–याधीशसंग परामर्श गरी र उपयुक्त सम्झी बक्सेको सर्वोच्च अदालतका अन्य न्यायाधीसको राय समेत बुझी बक्सी श्री ५ बाट मौसूफको स्वबिकेकमा गरिबसनेछ।

[३] उपध रा (४) को अधीनमा रही प्रधान न्यायाधीश बा सर्वोच्च अदालतका अन्य न्यायाधीश आफ्नो पदावधि पूर्ण नभएसम्म आफ्नो पदमा बहाल रहनेछन।

[४] प्रधान न्यायाधीश बा सर्वोच्च अदालतका अन्य न्यायाधीश—

(क) श्री ५ का समक्ष समाबेदन पेश गरी आफ्नो पदबाट राजिनामा गर्न सक्नेछ।

(ख) खराब आचारण बा अयोग्यताले गर्दा आफ्नो पदको कर्तब्य पालन गर्न अशमर्थ छ भन्ने कुरा श्री ५ बाट नियुक्त आयोगले ठहर रिपोर्ट पेश गरेमा श्री ५ बाट मौसूफको स्वबिबेकले निजलाई पदबाट हटाउन सकिबक्सनेछ।

तर— आरोप लागेका प्रधान न्यायाधीश वा सर्बोच्च अदालतका न्यायाधीशलाई आयोगमा आफ्नो सफाइको निमित्त पूरा मौका दिनबाट बंचित गरिनेछैन।

[५] उपधारा [४] को खण्ड [ख] अनुसार गठित आयोगलाई बयान लिने साक्षी प्रमाण बुझ्ने तथा आफ्नो आयोगको अवहेलनाको लागि सजाय गर्ने समेत सबै किसिमको अधिकार हुनेछ।

[६] प्रधान न्यायाधीश वा अन्य न्यायाधीशले पाउन पर्ने पारिश्रमिक पदावधि तथा नोकरीका अन्य शर्त कानून द्वारा निर्धारित हुनेछ त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट तोकिबक्से बमोजिम हुनेछ, प्रधान न्यायाधीश वा सर्बोच्च अदालतका अन्य न्यायाधीश आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पदावधि र पारिश्रमिक सम्बन्धि शर्त बदलिने छैन र सो पारि– श्रमिक संचित कोश प्रति व्ययभार हुनेछ।

[७] उपधारा [१] र [६] सर्बोच्च अदालतका कायम मुकायम प्रधान न्यायाधीशलाई तथा उपधारा [२] र [६] सर्बोच्च अदालतका स्थायी वा अतिरिक्त न्यायाधीशलाई समेत लागू हुनेछ।

५८. सर्बोच्च अदालतमा मुद्दाहरू झिकाउने:— मातहतका अड्डा अदालतमा परिरहेको कुनै मुद्दा मामिलामा संविधानका व्याख्या जस्तो जटिल कानूनी प्रश्न समावेश छ र मुद्दा किनारा लगाउनालाइ त्यसको निर्णय आवश्यक छ भनी सर्बोच्च अदालतलाइ लागेमा सर्बोच्च अदालतले त्यो मुद्दा मामिला झिकाइ—

[क] मुद्दा समेत किनारा लगाउन सक्तछ वा।

[ख] उक्त कानूनी प्रश्नको निर्णय गरी सो निर्णयको नक्कल साथ राखि झिकाइ आएको अड्डा अदालतमा फिर्ता पठाउन सक्छ। मातहतको सो अड्डा अदालतले किनारा लगाउन बांकी मुद्दा फिर्ता आएपछि सो कानूनी निर्णयसंग सामन्जस्य राखि मुद्दा किनारा लगाउने कारवाई गर्नेछ।

# भाग–७

## लोक सेवा आयोग

५९. लोकसेवा आयोगः– [१] एक लोक सेवा आयोग रहनेछ, त्यसमा श्री ५ बाट तोकिबक्से जति सदस्यहरू रहनेछन् जसमध्ये श्री ५ बाट तोकिबक्सेको एक सदस्य आयोगको अध्यक्ष हुनेछ।

[२] लोकसेवा आयोगको कमसेकम एक तिहाइ सदस्य बहाल हुनुभन्दा ठीक ५ वर्ष अघिसम्म सरकारी नोकरीमा नरहेको व्यक्ति हुनेछ।

[३] लोकसेवा आयोगका सदस्य श्री ५ बाट नियुक्त गरिबक्सनेछ।

[४] कुनै व्यक्ति महासभा वा प्रतिनिधिसभाको सदस्य छ भने सो व्यक्ति लोकसेवा आयोगको सदस्यमा नियुक्त हुनेछैन।

(५) लोकसेवा आयोगको सदस्य नियुक्ति पाएको मितिले ५ बर्षसम्म आफ्नो पदमा बहाल रहनेछ।

तर— (क) श्री ५ का समक्ष लिखित समावेदन पेशगरी राजिनामा गर्न सक्नेछ।

[ख] सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले पदबाट हटाइनेछन्।

[६] लोकसेवा आयोगको सदस्यमा नियुक्त भएका व्यक्ति सो पदमा कायम नरहेपछि अरू सरकारी सेवाको लागि ग्राह्य हुनेछैन।

तर– लोकसेवा आयोगमा पुनर्नियुक्तिको लागि ग्राह्य हुनेछ।

[७] लोकसेवा आयोगका सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा व्यवस्था नभएसम्म सर्वोच्च अदालतका न्यायाधीश सरह हुनेछ, पारिश्रमिक निज बहाल रहेसम्म निजलाइ मर्का पर्ने गरी बदलिने छैन र संचित कोष प्रति व्ययभार हुनेछ।

६०. लोकसेवा आयोगको कर्तव्यः—[१] श्री ५ को सरकारको सबै सेवा वा पदमा भर्नाका निमित्त जाँच गर्ने लोकसेवा आयोगकोकर्तव्य हुनेछ।

[२] देहायका विषयमा लोकसेवा आयोगको परामर्श लिनु पर्दछ।

[क] निजामति सेवा तथा पदमा भर्ना गर्ने तरिका सम्बन्धि सबै विषयहरूमा,

[ख] निजामती सेवा वा पदमा नियुक्त गर्ने, सरुवा, बढुवा गर्ने तथा नियुक्ति, सरुवा र बढुवा गर्दा उम्मेद्‌वारहरूको विषयमा विचार गर्ने सिद्धान्तको विषयमा,

[ग] निजामती कर्मचारीको अनुशासन सन्बन्धी सबै विषय र यस सम्बन्धी स्मृतिपत्र, विन्तिपत्र, उजुरी समेत सबै विषयमा,

[घ] निजामती कर्मचारी वा निजामती कर्मचारी रहेको व्यक्तिले आफ्नु पदको कर्तव्य पालन गर्दा सो सम्बन्धमा निजको विरुद्ध भएको कुनै कानूनी कारबाईमा संरक्षणका लागि गरेको खर्च संचित कोषबाट भराई दिनु पर्ने विषयको दावा गरे दिनुपर्ने वा नपर्ने भन्ने निर्णय गर्नुपर्ने विषयमा,

[ङ] निजामती कर्मचारीले आफ्नो कर्तब्य पालन गर्दा हुन गएको नोक्सानीको वा जोखिमीमा पेन्सन वा उपदानको दावा गरेको विषय र कति दिनु पर्ने हो भनी अङ्क निर्धारण गर्ने विषयमा,

[च] श्री ५ को सरकारको जुनसुकै सेवा वा पदको विषयमा श्री ५ बाट परामर्श मागी बक्सेको जुनसुकै विषयमा।

[३] यस धाराको अरू उपधाराहरूमा जेसुकै लेखिएतापनि श्री ५ बाट यस विषयमा साधारण तबरसँग वा विशेषतः अमुक विषयहरू वा अमुक परिस्थितिमा लोकसेवा आयोगसंग परामर्श लिन आवश्यक छैन भनी नियमद्वारा तोकिबक्सेमा सो बमोजिम हुनेछ।

६४. सेनाको सर्वोच्च कमाण्डः– (१) श्री ५ को सशस्त्र सेनाको सर्वोच्च कमाण्ड (समादेश) मौसूफमा रहनेछ र यस अधिकारको प्रयोग ऐन द्वारा नियमित हुनेछ।

(२) ऐन द्वारा सो बारे व्यवस्था नभएसम्म श्री ५ बाट देहाय बमोजिम गरिबक्सनेछ।

(क) सशस्त्र सेनाको स्थापना र व्यवस्था,

(ख) सेनाका अफिसर तथा जवानहरूलाई आयुक्त पद (कमिशन) प्रदान,

(ग) प्रधान सेनापतिको नियुक्ति र निजको अधिकार, कर्तव्य र पारिश्रमिक निर्धारण।

(३) सशस्त्र सेना सम्बन्धी बिधेयक वा संशोधन श्री ५ को सिफारिश बिना संशदको सदनहरूमा प्रस्तुत गरिने छैन।

६५. श्री ५ को कर्मचारीको सेबाको अवधिः– यस संबिधानद्वारा वा यस संबिधान अनुसार वा तत्काल प्रचलित कानूनमा प्रतिकूल व्यवस्था भएकोमा बाहेक श्री ५ को कर्मचारी श्री ५ को इच्छानुसारको अबधिसम्म आफ्नो पदमा बहाल रहने छन्।

६६. माफिः– श्री ५ बाट कुनै पनि न्यायाधिकारी वा विशेष अदालत वा ऐनद्वारा नियुक्त अधिकारीद्वारा दिइएको दण्डादेशलाई माफी, विलम्ब, मुलतवी, स्थगन, परिवर्तन वा कम गर्न सकिबक्सनेछ

६७. उपाधी, संमान र विभूषणः– (१) उपाधी, संमान या विभूषणहरू श्री ५ बाट मात्र प्रदान हुनेछन्।

(२) श्री ५ बाट स्वीकृति लिएर बाहेक नेपाली नागरिकले कुनै अन्य देशले दिएको उपाधी, संमान, वा विभूषणहरू ग्रहण गर्न हुँदैन।

६८. श्री ५ मा निहित राजकीय अधिकारः– यस सविधानमा वा तत्काल प्रचलित कानूनमा व्यवस्था गरिएदेखि बाहेकका श्री ५ मा निहीत अरू सम्पूर्ण राजकीय अधिकारहरू मौसुफ मै निहीत रहेकाछन्।

६९. अदालतमा सवाल जवाफ नहुने:— श्री ५ बाट मौसूफको अधिकार प्रयोग गरिबक्सेकोमा वा मौसूफको कर्तव्य पालन गरिबक्सेकोमा वा मौसूफबाट गरिबक्सेको अरू कुनै कामका सम्वन्धमा कुनै अदालतमा सबाल जवाफ गरिने छैन।

तर—यो धाराको कुनै कुराले श्री ५ को सरकार वा श्री ५ का कुनै कर्मचारीको विरूद्ध कार्यवाही चलाउन पाउने कानूनले दिएको अधिकारलाई सीमित गरेको सम्झिइने छैन।

# परिच्छेद--२

## विविध व्यवस्था

७०. राष्ट्र भाषा:— देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्र भाषा हुनेछ।

७१. शपथ:— सरकारी सेवामा बहाल हुने भएको व्यक्तिले श्री ५ प्रति मौसूफबाट निर्धारित रूपमा श्रद्धा निष्ठा र बफादारीको शपथ लिनु पर्नेछ।

# परिच्छेद — ३

## व्याख्या र खारेजो इत्यादि

७२. परिभाषा:— (१) विषय वा प्रसंगले अर्को अर्थ न लागेमा यस संबिधानमा—

[क] "धारा" भन्नाले यस संबिधानको धारा सम्झनु पर्छ।

[ख] "नागरिक" भन्नाले कानूनमा भने अनुसार नेपालको नागरिक भएको कुनै व्यक्ति सम्झनुपर्छ।

[ग] "मतदाता" भन्नाले संसद्को सदस्यको निर्वाचनमा मत दिन पाउने व्यक्ति सम्झनु पर्छ।

[घ] "आम निर्वाचन" भन्नाले प्रतिनिधिसभाका सदस्यहरूको निर्बाचन तथा संसद विघटन भएपछि हुने उपरोक्त सदस्यहरूको निर्बाचन समेत सम्झनु पर्छ।

[ङ] "नेपाल" भन्नाले नेपाल अधिराज्य सम्झनु पर्छ ।

[च] "समावेदन" भन्नाले त्यस्तो समावेदन पेश गर्न व्यक्तिको सही परेको लिखत सम्झनु पर्छ ।

[छ] "संसद" भन्नाले धारा १८ बमोजिम गठित संसदलाई सम्झनु पर्छ र त्यस्तै अवस्थामा धारा ५६ को उपधारा [१] मा भएको प्रतिबन्धात्मक बाक्यांश [ख] मा लेखिएको संसदलाई पनि जनाउँछ ।

[ज] "पारिश्रमिक" भन्नाले तलब भत्ता पेन्सन र जिन्सीको रूपमा दिइने अरू कुनै तरहको पारिश्रमिक सम्झनु पर्छ ।

[झ] "महासभासद" भन्नाले सो समयमा भइ राखेको महासभाको कुनै सदस्य सम्झनु पर्छ ।

(२) श्री ५ लाई सम्बोधन हुने शब्दहरूले विषय बा प्रसंगले अर्को अर्थ नलागेमा अधिकार पाएको उपराज बा उपराज परिषद्लाई र धारा ११ को उपधारा [१०] बमोजिम अधिकार प्रयोग गर्ने व्यक्तिलाइ समेत जनाउँछ ।

(३) बिषय बा प्रसंगले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरूको अधीनमा रही नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० यस संविधानलाई नेपाल कानून सम्झेर यस संविधानको व्याख्यामा लागू हुनेछ ।

७३. **संक्षिप्त नाम र प्रकाशनः—**[१] यो संविधानलाई नेपाल अधिराज्यको संविधान भनिने छ ।

[२] यो संबिधान धारा ५३ अनुसार संशोधन भएको भए सो सहित समय समयमा एकत्रित गरी मिलाइ छापिनेछ र श्री ५ को सरकारको आदेश बमोजिम प्रकाशित भएको सबिधानको प्रति मात्र दुरुस्त मानिनेछ ।

७४ **खारेजीः—** नेपाल अन्तरिम शासन बिधान खारेज गरिएको छ ।

# भाग १०
## संक्रमण कालिन व्यवस्था

७५. संविधान लागू गराउने अधिकार:— [१] श्री ५ बाट नेपाल अन्तरीम शासन बिधान लगायत अरू कुनै कानून वा यो संविधानमा जे भएतापनि तोकिएको दिनमा यो संविधानलाई लागू गराउन जरूरत सम्झी बक्सेको काम तोकिएको दिन अगाडि पूर्ण गर्नको निमित्त पूर्णाधिकार मौसूफमा संचित राखिबक्सनेछ। मौसूफबाट यो संविधानको व्यवस्था सित मेल खाने गरी तोकिएको दिन अगाडि गरिबक्सेको जुनसूकै काम यस संबिधान अन्तर्गत उपयुक्त अधिकारीले गरेको ठहर्नेछ र त्यसरी भएको काम यो संबिधानको व्यवस्था अनुसार तोकिएको दिन पछि खारेज गर्ने, प्रति संहरण गर्ने, संशोधन गर्ने वा परिवर्तन गर्ने उक्त अधिकारीको अख्तियारमा बाधा पुर्‍याउने छैन।

(२) उपधारा (१) मा लेखिएको कुरामा विरोध नपर्ने गरी यो संबिधान लागू गर्ने मनसायले श्री ५ बाट गरिबक्सेको जुनसूकै नियुक्ति यस संविधान अन्तर्गत भएको सम्झिइनेछ।

७६. वर्तमान कानून जारी राख्नु र अनुकूल नपार्नु:— [१] ऐनले संशोधन वा खारेज नभएसम्म नेपाल अन्तरीम शासन विधान बाहेक नेपाल भर वा नेपालको कुनै भागमा तोकिएको दिन अगाडि सम्म लागू रहेका सबै कानूनहरू उपधारा [२] बमोजिम अनुकूलन र परिवर्तन भएजति सो भएका रूपमा र त्यसो नभएमा तोकिएको दिन अगाडि लागू रहेको रूपमा चालु रहनेछ।

तर—धारा ८ को उपधारा [१] को खण्ड [क] बमोजिम प्रमाणित गरिए बाहेकका यस संविधानको प्रतिकूल कानून तोकिएको दिनले तीन वर्ष पछि यस संविधान संग बाझिए जति स्वतः निष्क्रय हुनेछन्।

२ नेपाल भर वा नेपालको कुनै भागमा लागू रहेका कानूनहरु यस संविधानको व्यवस्थाको अनुरुप बनाउने अभिप्रायले श्री ५ बाट आवश्यक र व्यवहारिक ठानी बक्सेमा तोकिएको दिन को ३ बर्ष भित्र सम्म आदेश द्वारा चाहिने जति मात्रामा अनुकूलन र परिबर्तन गर्न सकिबक्सनेछ। त्यस्ता आदेश जहिलेसुकै जारी भएको भएतापनि आदेश न.रो हुनु अघि वा पछि जुन मितिदेखि प्रारम्भ हुन्छ भन्ने सो आदेशमा लेखिएको हुन्छ सोही मिति देखि क्रियाशिल हुनेछ।

तर—तोकिएको दिन भन्दा अगाडिको मिति देखि क्रियाशिल हुन सक्ने छैन।

७७. बाधा अड्काउ फुकाउने अधिकारः—(१) यो संविधान कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउन श्री ५ बाट आवश्यक सम्झि बक्सेको आदेश जारी गर्न सकिबक्सने छ र श्री ५ बाट आवश्यक तथा बाञ्छनीय सम्झी बक्से बमोजिम थपघट र परिबर्तनको रुपमा भएको अनुकूलन बमोजिम आदेशमा तोकिएको अवधिसम्म यो संविधानका उपबन्धहरु चालु रहनेछ भनि त्यस्तो आदेशद्वारा निर्देश गर्न सकिबक्सनेछ।

तर—तोकिएको दिनले दुइबर्ष पछि यस्तो कुनै आदेश जारी हुनेछैन।

(२) उपधारा (१) अन्तर्गत जारी गरिएको प्रत्येक आदेश संसदको दुवै सदनको सन्मुख राखिनेछ र ऐन द्वारा संशोधित वा खारेज हुन सक्नेछ। त्यसरी संशोधन वा खारेज नभएसम्म यसै संविधानमा परे सरह मानिनेछ।

इति सम्वत् २०१५ साल फाल्गुण १ गते रोज ५ शुभम्—

गोरखापत्र छापाखानामा मुद्रित